

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com



बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन ०७ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 February 19 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७५


## स्व बिहारीलाल लाठ कर्मवीर सम्मानबाट रूँगटा सम्मानित




कर्मवीर सम्मानपत्रबाट सम्मानित हुँदै रूँगटा र सिलाइ मेशिन पाएपछि खुशी हुँदै महिला । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ६ फागुन/

रिलिफ सोसाइटी अफ कमर्सको २९औं वार्षिक साधारणसभा एवं स्व बिहारीलाल लाठको ९औं वार्षिक पुण्यतिथिको अवसरमा स्व बिहारीलाल लाठ कर्मवीर सम्मानपत्र प्रदान गरिएको छ ।

रिलिफ सोसाइटीका संस्थापक महासचिव एवं पूर्वअध्यक्ष स्व बिहारीलाल लाठको पुण्यतिथिको अवसरमा उनको नाममा स्थापित कर्मवीर सम्मानपत्रबाट नेपाल उद्योग वाणिज्य सङ्घ प्रदेश २ का अध्यक्ष एवं प्रमुख अतिथि गणेश लाठले वीरगंजका समाजसेवी मुरलीधर रूँगटालाई सम्मानित गरेका थिए ।

कार्यक्रममा वक्ताहरूले लामो समयदेखि रिलिफ सोसाइटीले समाजमा गरेको योगदान अतुलनीय रहेको बताए । रिलिफ सोसाइटीले स्थापनाकालदेखि नै वीरगंजमा आफ्नै भवनमा निश्शुल्क कानको उपचारसँगै इम्प्याक्ट नेपालसँगको सहकार्यमा अस्पतालसमेत निर्माण गरी न्यूनतम मूल्यमा कानको शल्यक्रिया गरी समाजसेवा योगदान दिइरहेको बताए । रिलिफ सोसाइटीले विभिन्न क्षेत्रमा योगदान गर्नेलाई सम्मान गर्दै आएको र कर्म गरी खानेलाई पहिचान गरी सिलाइ मेशिन वितरण गरी रोजगारको अवसर दिएकोप्रति वक्ताहरूले आभार व्यक्त गरेका थिए । रिलिफ सोसाइटीले महिलाहरूलाई सिलाइ मेशिन वितरण गरेर रोजगार सृजना गरी परनिर्भरताबाट उन्मुक्ति दिने कार्यमा सहयोग गरेको बताए । कार्यक्रममा वक्ताहरूले रिलिफ सोसाइटीले आफ्नो सेवा विस्तार गर्दै लैजानुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा कोभिडको बेलामा समाजमा योगदान दिएका ६ जनालाई सम्मानित गरिएको थियो । सम्मानित हुनेमा शोभा अधिकारी उपाध्याय, सानो पाइलाका कञ्चन झा, चिकित्सक डा नीरज सिंह, ग्रीनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतान र सामाजिक अभियन्ता प्रकाश थारू रहेका छन् ।


सो अवसरमा बारा, पर्साका १५ जना महिलालाई सिलाइ मेशिन वितरण गरिएको थियो ।

संस्थाका अध्यक्ष अशोक लाठको सभापतित्वमा भएको कार्यक्रममा ज्येष्ठ नागरिक सङ्घ पर्साका पूर्वअध्यक्ष पशुपति विक्रम शाह, नेपाली काङ्ग्रेस पर्साका सभापति अजय द्विवेदी, जसपाका केन्द्रीय सदस्य निजामुद्दीन समानी, नेकपा पर्साका अध्यक्ष प्रभु हजरा, अधिवक्ता बालमकुन्द खरेल, मधु राणा, उषा शाह, वीउवासङ्घका केन्द्रीय सदस्य सुबोध गुप्ता, इम्प्याक्ट नेपालका सुभाष कोइरालालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन सोसाइटीका महासचिव नीरज अग्रवालले गरेका थिए ।

## वीरगंज-पथलैया सडक निर्माणका दुईवटा ठेकेदार कम्पनीलाई कारबाई

प्रस, जीतपुर, ६ फागुन/

वीरगंज–पथलैया ६ लेन सडक खण्डको सिमराको सूर्य नेपालदेखि नेपाली सेना पोस्ट जीतपुरसम्म ६ किमी सडक




निर्माणमा ढिलाइ गरेको भन्दै दुईवटा ठेकेदार कम्पनीमाथि कारबाई शुरू भएको छ ।

तोकिएको समयमा निर्माण कार्य पूरा नहुने भएपछि दुईवटा निर्माण कम्पनीमाथि कारबाई शुरू गरिएको व्यापारिक मार्ग विस्तार योजना, वीरगंज–पथलैया ६ लेन सडक कार्यालय पथलैयाका सूचना अधिकारी इन्जिनीयर सम्पतलाल दासले बताए ।

वीरगंज–पथलैया ३१ किमी ६ लेन सडक निर्माणको लागि ७ खण्डमा विभाजन गरी निर्माण कम्पनीबीच सम्झौता गरिएको थियो ।

१ नम्बर खण्डको परवानीपुरदेखि गण्डक नहरसम्म ४ किमी सडकको भौतिक प्रगति १७ प्रतिशत र ५ नम्बर निर्माण ४६ प्रतिशत मात्र काम भएकोले ती दुई निर्माण कम्पनीलाई कारबाई शुरू गरिएको सूचना अधिकारी दासले बताए । सो सडकखण्ड असोज २२ र माघ २८ गतेसम्म निर्माण गर्ने सम्झौता गरेका ठेकेदार कम्पनीले काम पूरा नगरेपछि कारबाई प्रक्रिया अगाडि बढाइएको उनले बताए ।

वीरगंज–पथलैया ६ लेन सडक निर्माणको भौतिक प्रगति ७२ प्रतिशत छ र निर्धारित समयमा निर्माण सम्पन्न नहुने प्राविधिकहरूले बताएका छन् ।

कारबाईमा पर्ने ठेकेदार कम्पनीमा १ नं खण्डको एएमआर/पप्पु/कन्टेक जेभी र ५ नं खण्डको शर्मा/युनाइटेड बिल्डर्स/दिवा निर्माण सेवा रहेको सूचना अधिकारी दासले बताए ।




**जीवन सानो भएपनि यसले दिएको सबक ठूलो हुन्छ । त्यसैले भनिएको छ– सम्बन्ध सबैसँग राख तर उम्मेद कसैसँग नराख ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.prateekdaily.com


# लालपुर्जा वितरण

**भूमि समस्यासम्बन्धी समाधान आयोगको कार्यालय मुलुकका अधिकाश जिल्लामा खुलिसकेको छ । अघिल्लो चैत ९ गते सङ्घीय मन्त्रिपरिषद्को बैठकले देवीप्रसाद ज्ञवालीको अध्यक्षतामा पाँच सदस्यीय आयोगको केन्द्रीय समिति गठन गरेको थियो । तत्कालै जिल्लास्तरमा आयोग गठन गरेर काम गर्नुपर्नेमा सत्तारुढ नेकपाभित्रका समूह, उपसमूहबीच भागबन्डाको खिचलोले प्रक्रिया अगाडि बढ्न सकेन । नेकपाको औपचारिक समूह विभाजनपछि सरकारले बितेको माघ १९ गते ७७ वटै जिल्लामा आयोगका अध्यक्ष र सदस्यहरू नियुक्त गरेको छ । अहिले जिल्ला र पालिकाहरूमा आयोगलाई एकाइ कार्यालय सञ्चालन गर्ने चटारो छ । लालपुर्जासम्बन्धी मुद्दा जनसरोकारको विषय भएकोले 'छिटो काम गर्न सके मतदाता आफूतर्फ आकर्षित गर्न सकिन्थ्यो' भन्ने सरकार सञ्चालकहरूको सोच छ । त्यसैले जतिसक्दो छिटो लालपुर्जा वितरण गर्ने हतारमा सरकार पक्ष देखिएको छ । तत्काल करीब एक लाख भूमिहीनलाई लालपुर्जा वितरण गरी भूमिको मालिक बनाउने आयोगका अध्यक्ष ज्ञवालीले घोषणा गरिसकेका छन् । कुनै विघ्न बाधा नआए चुनावअघि नै केही लालपुर्जा वितरण गर्ने आयोगको तयारी छ ।**

**यसपटक गठित आयोग, विगतको सुकुमबासी समस्या समाधान आयोगभन्दा अधिकारसम्पन्न छ । नेपालको नयाँ संविधानले व्यवस्था गरे अनुसार विसं २०७५ मा भूमिसम्बन्धी ऐनमा सातौं संशोधन र २०७६ मा भूमिसम्बन्धी आठौं संशोधन गरियो । भूमि अधिकारवादीहरूले समेत यसको स्वागत गरेका थिए । विगतमा लालपुर्जा वितरणका लागि आयोगलाई परेका अप्ठेराहरू सबै फुकाएर भूमि समस्यासम्बन्धी समाधान आयोग गठन भएको हो । २०७५ मा आयोगको अधिकार थप गर्दै भूमिहीन दलितहरूलाई एकपटकका लागि विसं २०७८ भित्र जमीन उपलब्ध गराउने भनिएको छ । त्यसैगरी, २०७६ सालमा गरिएको संशोधनले भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासलाई पनि जग्गा उपलब्ध गराउने उल्लेख छ । विगतमा वनजङ्गलसँगको खिचोलाले पुर्जा वितरण हुन नसकेका घटनाहरू अव दोहोरिनेछैनन् । स्थानीय पालिकासँग समन्वय गरेर प्रमाण जुटाएपछि आयोगले पुर्जा दिन सक्छ ।**

**तर आयोगको यो अधिकार दुरुपयोग हुने सम्भावना पनि उत्तिकै छ । केन्द्रदेखि जिल्लास्तरसम्म नियुक्त आयोगका पदाधिकारीहरू सर्वपक्षीय छैनन् । विज्ञ सदस्य भनेर नियुक्त गरिएकाहरू अधिकांश राजनीतिक कार्यकर्ता हुन् । एउटा पार्टीभित्र पनि एउटा समूहको, विषयगत अनुभवहीन कार्यकर्ताहरूले आयोगमा नियुक्ति पाएका छन् । चुनाव केन्द्रित भएर पुर्जा वितरण गर्नु छ, तयारी गर्ने समय सीमित छ । ऐन नियमावलीले व्यवस्था गरे अनुसार तयारी प्रक्रिया लामो छ । स्थानीय तहले आफ्नो क्षेत्रभित्रका भूमिहीन सुकुमबासीमध्ये दलितको सूची छुट्टै तयार गर्नुपर्नेछ । त्यसैगरी, आफ्नो क्षेत्रभित्र वितरण गर्न मिल्ने जग्गा र अव्यवस्थित बसोबासको सूची आयोगमा बुझाउनुपर्छ । परिवारका कुनै पनि सदस्यको नाममा मुलुकभर कहींकतै जग्गा जमीन नभएको र पैतृक सम्पत्तिबाट समेत भूमि पाउने अवस्था नरहेकालाई सुकुमबासी मानिन्छ । सीमित समयमा यो छुट्ट्याउन सहज छैन । पर्याप्त प्रमाणको अभावमा पुर्जा वितरण गर्दा सोझा, सीधा सुकुमबासीभन्दा पनि जाली, फटाहा, पहुँचवाला हुकुमबासीले फाइदा लिने निश्चित छ ।**

# सीमानाका सञ्चालनको खाँचो

स्वतन्त्र विचार




**श्रीमन्नारायण**

an_shriman@yahoo.com


**नेपाल–भारतबीचको परम्परागत बहुआयामिक सम्बन्धलाई प्रगाढ बनाउनुको सट्टा यसमा कटुता थप्ने काम हुनु दुर्भाग्यपूर्ण हो । सरकारले खुला सीमा अथवा भारतसँगको नाका बन्द नै गर्ने, व्यवस्थित गर्ने अथवा सीमित बनाउने मनसाय बनाएको छ भने यसको पनि विकल्प खोज्नुपर्दछ ।**

कोरोना महामारीको सङ्क्रमणले झन्डै एक वर्ष अगाडि बन्द रहेको नेपाल–भारत नाका खुलाउने सरकारी निर्णय भएको महीना दिनभन्दा बढी भइसकेको छ । दक्षिण छिमेकी भारतले आफ्नोतर्फ कात्तिक महीनादेखि नै नाका खुला भएको घोषणा गरिसकेको छ । नेपाल सरकारको घोषणापश्चात् सम्बन्धित क्षेत्रका व्यवसायी र नागरिकदेखि दुई मुलुकबीच आवतजावत गर्न चाहने पर्यटकसमेत यस निर्णयबाट सार्है खुशी भएका थिए तर सरकारको घोषणा व्यवहारमा लागू भएको देखिएन । जनताले भोग्ने सास्तीमा कमी आएको छैन । ज्येष्ठ नागरिक, गर्भवती महिला, रोगी, बालबालिका र अपाङ्गसमेतले चोर बाटो प्रयोग गरेर तीन किलोमिटरसम्म पैदल हिंड्नुपर्ने अवस्था रहेको छ । केन्द्र सरकारको घोषणा पूर्णतः कार्यान्वयनमा आउन सङ्घीय सरकार र स्थानीय प्रशासनबीच पूर्ण समन्वय हुनु आवश्यक छ । आफ्नै जनतालाई दुःख दिएर सरकारले कसको हित गर्न खोजेको हो बुझ्न सकिएन ।

नाका खुलेपछि व्यापार–व्यवसाय फस्टाउने आशामा रहेका स्थानीय व्यापारी तथा व्यवसायीलाई यो अवस्थाले निकै निराश बनाएको छ । कोरोना कहर हटेर सबै क्षेत्र पूर्ण क्षमतामा सञ्चालन भइसक्दा पनि नाकामा उत्पन्न समस्या समाधान नहुनु दुर्भाग्यपूर्ण हो । नेपालका सीमावर्ती जिल्लादेखि राष्ट्रिय राजधानी काठमाडौं, पोखरा र मुक्तिनाथलगायत क्षेत्रको पर्यटन व्यवसाय ठप्प भएको छ । नेपाल होटल व्यवसायी सङ्घले त आफ्नो कारोबार चौपट नै भइसकेको गुनासो पोख्दै आएको छ । नाकामा देखिएको अन्योल हटाउन आवश्यक सबै सार्थक पाइला चाल्नु आवश्यक छ । नाका बन्द भएबाट भारतबाट सयौं गुणा बढी नेपाल र नेपालीलाई घाटा छ भन्ने कुरा बुझ्न सरकार किन ढिलो गरिरहेको छ ? दक्षिणी छिमेकी भारतसितको द्विपक्षीय व्यापारमा भारतको भूमिका नेपालको कुल आयात–निर्यात व्यापारको दुई तिहाईभन्दा बढी छ जबकि भारतको हकमा यो ०.०३ प्रतिशत अर्थात् नगण्य हो । सङ्घीय सरकारले तत्काल ठोस निर्णय गरेर स्थानीय प्रशासनलाई आवश्यक निर्देशन दिएर नाकाबाट सहज आवतजावतको व्यवस्था सुनिश्चित गर्नु पर्दछ । उपप्रधानमन्त्री ईश्वर पोखरेलले सीमानाका तत्काल सहज एवं सुलभरूपमा सञ्चालन हुने घोषणा गरेको पनि एक महीना हुन लागेको छ । सरकारका अन्य केही मन्त्रीले पनि यस्तै आशयका टिप्पणी पटक–पटक गरिसकेका छन् । सरकारका जिम्मेवार पदाधिकारीको घोषणाको केही त अर्थ हुनुपर्दछ ।

मुलुकभित्र कोरोना महामारीको त्रास करीब–करीब अन्त्य भइसकेको छ । हरेक क्षेत्र लकडाउन अघिकै अवस्थामा फर्किसकेको छ । पिसिआर परीक्षण गर्दा नगण्य सङ्ख्यामा मात्रै पोजिटिभ रिपोर्ट आउने गरेको छ । भारत सरकारको अनुदान सहयोगबाट प्राप्त १० लाख खोप पनि नेपाल भित्रिसकेको छ र करीब करीब यसको उपभोग पनि भइसकेको छ । नेपालमा आजसम्म कोरोना पोजेटिभ केस भेटिएको तुलनामा चार गुणा बढी खोप भित्रिइसकेको छ । स्कूल, क्याम्पस खुलिसकेका छन् । राजनीतिक दलहरूको जुलूस, भाषण र लाखौंको सहभागितामा जनसभा भइरहेका छन् । जनजीवन सामान्य भइसकेको छ । कोरोनाको कहींकतै भय छैन । नेपालमा कोरोनाका कारण कुनै क्षेत्रमा बन्द अथवा निषेधाज्ञा लागू गर्नुपर्ने अवस्था छैन । दक्षिणी छिमेकी भारतमा त सबैथोक सामान्य भइसकेको छ । दुवै मुलुकमा कोरोनाविरुद्ध खोप अभियान तीव्ररूपमा अघि बढिरहेको छ । अग्रपङ्क्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, चिकित्सक, नर्स, स्वास्थ्य कार्यकर्ता, सरसफाइकर्मी, एम्बुलेन्स तथा शववाहनका चालक, कूटनीतिक नियोगका कर्मचारी र राजदूतहरू, पत्रकार आदि सबैले खोप लिने क्रम जारी छ । ज्येष्ठ नागरिकलाई पनि खोप दिलाइने अभियान चाँडै शुरू हुनेछ । दक्षिणी छिमेकी भारतले अनुदान स्वरूप नेपाललाई उपलब्ध गराएको कोरोनाविरुद्ध खोपले नेपालीहरूको अनुहारमा मुस्कान ल्याइदिएको छ । यस्तो अवस्थामा पुरानै शैलीमा हिंडडुलमा झन्झट लगाउनु अव्यावहारिक काम हो । केन्द्र सरकारले नाका खोलेको निर्णय गर्ने, घोषणा गर्ने तर स्थानीय प्रशासनले कोरोनाको डर देखाउँदै पुरानै गतिविधिलाई निरन्तरता दिनुले दुई निकायबीच समन्वयको अभाव रहेको अथवा नियत सही नरहेको मान्नुपर्छ ।

नाका खुलाउने विषयमा स्पष्ट मापदण्ड नहुँदा भारतीय पर्यटक नेपाल आउन सकेका छैनन् । कतिपय अवस्थामा नेपालीले पनि झन्झट बेहोरिरहेका छन् । लकडाउनसँगै होटल, मनोरञ्जन स्थललगायत पर्यटकलाई प्रत्यक्ष आकर्षित गर्ने क्षेत्रहरू पूर्णरूपमा खुले पनि पर्यटक आउने वातावरण नहुँदा व्यापार विगतमा जस्तो पुरानो अवस्थामा फर्कन सकेको छैन । यही अवस्था रहिरह्यो भने देशको अर्थतन्त्र बलियो हुन सक्ने छैन । मुलुकको अर्थतन्त्र उकास्न सबैभन्दा बढी आशा गरिएको पर्यटन क्षेत्रलाई पुरानो अवस्थामा फर्काउन पनि विदेशी पर्यटक आकर्षित गर्ने हिसाबको रणनीति बनाउनु पर्दछ । पहिलो चरणमा आकर्षित गराउन सक्ने पर्यटक भनेको भारतीय नै हुन् भन्ने वास्तविकतालाई पनि बुझ्न आवश्यक छ । भारतीयहरू बढी सङ्ख्यामा नेपाल भित्रिने माध्यम भनेको सडक यातायात हो । यस विषयमा हामीले तत्काल सकारात्मक निर्णय गरेनौं भने भोलिको दिनमा यो हाम्रो निम्ति नै प्रत्युत्पादक साबित हुनेछ । लकडाउनका कारण सञ्चालन रोकिएको उद्योग तथा व्यवसायमध्ये ५० प्रतिशतभन्दा बढी सञ्चालनमा आइसकेको नेपाल राष्ट्र बैंकको तथ्याङ्कलाई समेत यो अवस्थाले गिज्याइरहेको छ । तथ्याङ्कमा खुल्ने, व्यवहारमा बन्द रहनाले अर्थतन्त्रले सोचेजति लाभ नदिने निश्चित छ । भारतीय पर्यटक नेपाल भित्रिने यो उत्तम मौसम पनि हो तसर्थ यस वास्तविकतालाई हृदयङ्गम गरी सीमानाका सञ्चालन हुनु आवश्यक छ । खस्किंदै गएको अर्थतन्त्रलाई टेवा दिन तत्काल भारतीय पर्यटकलाई नेपाल भित्र्याउनुको विकल्प छैन । सरकारले यस विषयमा संवेदनशीलता देखाएन भने होटल व्यवसाय चौपट हुने निश्चित छ । आखिर एक वर्षसम्म आफ्नो निम्ति अनुकूल समयको प्रतीक्षा गरेको व्यवसायीले अब थप बढी प्रतीक्षा गर्ने अवस्था छैन । कोरोनाको त्रास बाँकी नै रहेको भन्ने विश्वास गर्न गाऱ्हो भइरहेको छ । मालवाहक गाडीमा जति पनि मानिस ओहरदोहर गर्ने तर परिवारसहित घुम्न आएका गाडीलाई रोक्ने कार्यलाई व्यावहारिक मान्न सकिंदैन । पैदल अहिले पनि हजारौं सङ्ख्यामा मानिस आउजाउ गरिरहेका छन् तर मुख्यनाकाबाट एवं गाडी चढेर आउनेहरू मात्रै कोरोना फैलाउन सक्ने ठम्याइँमा पुग्नु दुर्भाग्यपूर्ण हो । नेपाल–भारतबीचको परम्परागत बहुआयामिक सम्बन्धलाई प्रगाढ बनाउनुको सट्टा विभिन्न बहानामा यसमा कटुता थप्ने काम हुनु दुर्भाग्यपूर्ण हो । सरकारले खुला सीमा अथवा भारतसँगको नाका बन्द नै गर्ने, व्यवस्थित गर्ने अथवा सीमित बनाउने मनसाय बनाएको छ भने यसको पनि विकल्प खोज्नुपर्दछ ।

विगत एक वर्षमा सीमावर्ती क्षेत्रका जनताले रक्षाबन्धन तथा भाइटीकामा दिदी–बहिनीसित आशीर्वाद एवं शुभकामना लिन सकेनन् । दशैंको अवसरमा लाखौंले आफ्नो भाकल पूरा भएकोमा शक्तिपीठमा बलि प्रदान गर्न पाएनन् । पवित्र छठ पर्वको प्रसाद आफ्ना आफन्तलाई दिन सकेनन् । वैवाहिक सम्बन्धमाथि असर परेको छ । अब जति लामो समयसम्म सीमानाका बाधित हुनेछ नेपाली जनताको नजरमा सत्ताधारी नेकपा र वर्तमान सरकार नै जिम्मेवार ठहरिने छ । विगत ३ वर्षमा आफ्नो कामकाजबाट जनताको विश्वास जित्न असफल सरकारले थप अलोकप्रियता कमाउने काम गर्नुहुँदैन । राजनीतिक दलको आमसभामा जुट्ने भीड नै समर्थन र लोकप्रियताको मापदण्ड हुने भए राजा ज्ञानेन्द्र पनि कम लोकप्रिय थिएनन् । महान् योद्धा नेपोलियन बोनापार्टले पनि एकपटक भनेका थिए कि भीडमाथि भरोसा गर्नुहुँदैन किनभने जुन भीड मलाई हेर्न र सुन्न आउँछ त्योभन्दा बढी भीड म झुन्डिएको हेर्न पनि आउने छ । तसर्थ जनताको चाहना र भावनालाई बुझ्ने प्रयास हुनुपर्छ । सरकारले तत्काल सीमानाका सहज सञ्चालनमा ध्यान दिन आवश्यक छ । पूर्ववत् अवस्थामा नै सीमानाका सक्रिय बनाइए हामीलाई नै बढी फाइदा हुनेछ ।

# नेविसङ्घद्वारा क्याम्पस प्रशासनलाई ज्ञापन

प्रस, वीरगंज, ६ फागुन/

नेपाल विद्यार्थी सङ्घ र ठाकुर राम बहुमुखी क्याम्पसबीच भएको पूर्व सहमति अनुसार कार्यान्वयन नभएको भन्दै आज नेविसङ्घ पर्साले क्याम्पस प्रशासनलाई ज्ञापनपत्र बुझाएको छ ।



क्याम्पस प्रशासनलाई ज्ञापन बुझाउँदै । तस्वीरः प्रतीक

क्याम्पस प्रशासन र नेविसङ्घबीच कात्तिक २८ गते भएको सम्झौता अनुसार १४ सूत्रीय मागमध्ये केही मागहरू यथाशीघ्र सम्बोधन गर्नुपर्ने भन्दै नेविसङ्घ ठाराब एकाइ समितिका सभापति मनोजकुमार साहले ज्ञापनपत्र बुझाएका हुन् ।

पूर्व सहमति अनुसार दोहोरो नियुक्ति भत्ता दिने चलन बन्द गर्नुपर्ने, छात्रवृत्तिको नतीजा प्रकाशन, बिएससी २०७५ सालमा स्थापना भएको चन्द्रबहादुर श्रेष्ठ, विनादेवी श्रेष्ठ स्कूलरसीपको उचित व्यवस्था गर्न माग गरिएको छ ।

पुस्तकालयमा नयाँ सेलेबस अनुसार पुस्तक, प्रदेश सांसदले उपलब्ध गराएको पुस्तकहरू पुस्तकालयमा राख्नुको साटो बाहिर थन्काएर राखिएको, पुस्तकालयमा अध्ययन समय १० देखि ५ बजेसम्म मिलाउनुपर्ने माग गरिएको छ । छात्रावास, शौचालय मरम्मत र सरसफाइ, ठाराबको नयाँ भवनमा बिबिए कक्षाको प्रशासनिक, शैक्षिक गतिविधि सञ्चालन, क्याम्पसमा प्रशासनिक, शैक्षिक र अन्य प्राज्ञिक पदमा नियुक्त गर्दा ज्येष्ठताको आधारमा गर्नुपर्ने, मास्टर डिग्रीको पुस्तकालय १० देखि ५ बजेसम्म सञ्चालन गर्नुपर्ने माग राख्दै ज्ञापनपत्र बुझाएको हो ।

# विभाजन स्वीकार छैन

पाठक प्रतिक्रिया

५ गते प्रतीकमा विनोद गुप्ताको लेख 'बुझौं के हुँदैछ नेपालमा' पढें । नेपालमा त्यही हुँदैछ, जुन म्यान्मा, पाकिस्तान वा भारतमा हुँदैछ । लेखको थप बुझाइमा यो विश्वमा, चौथो चरणको प्रजातन्त्रको लहर चलिरहेको छ । यसमा म्यान्मामा सैनिक तानाशाह, पाकिस्तानका इमरान, नेपालका ओली र भारतका मोदी सबै बग्नेछन् । अमेरिकामा ट्रम्प बगिसकेका छन् । यो चौथो लहरको हावा कुनै देशको साँघुरो घेरामा सीमित छैन, यसमा संसारका सबै युवाको प्रभाव छ ।

म्यान्मामा सेना, पाकिस्तानमा इमरान र नेपालमा ओली बग्ने त निश्चित छ र त्यसका स्थूल कारण पनि छन् । ओली ढपोर शङ्ख हुन्, जसले दुई गुना दिने भोंपु बजाउँछन् । दिनेलिने भने गर्दैनन् । ओली संविधानको उल्लङ्घन गरेबापत र म्यान्मा सेना पनि त्यही कारणले बग्नेछ । तर मोदीले के गरेका छन् र पूरै अन्तर्राष्ट्रियजगत् उनीविरुद्ध उभिएको छ ? यसमा जबरजस्त अन्तर्राष्ट्रिय षड्यन्त्र लुकेको देखिन्छ । भारत र चीन दुवै महाशक्ति बन्ने यात्रामा लम्किरहेका छन् । चीन बहुजातीय नभए पनि भारत बहुजातीय राष्ट्र हो । पश्चिमाजगत्ले सधैं यी दुवैलाई तोड्न चाहेको छ र महाशक्ति बन्न नदिने अभियान तीव्र पारेको छ । प्रजातन्त्रको यस चौथो लहर, यी दुवै देशलाई तोड्न प्रयोग भइरहेको छ । मलाई डर छ कि यो चौथो लहर यसै कारणले म्यान्मा, नेपाल वा पाकिस्तानमा पनि फेल नखाओस् । उक्त स्थिति देखेर भारत र चीन दुवै म्यान्माको सेना र ओलीको पक्षमा उभिदिए आश्चर्य हुनेछैन । प्रजातन्त्र स्वीकार गर्नुपर्छ तर देशको विभाजनको किमतमा कदापि होइन । चेतना भया !

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## वर्तमान राजनीतिक अस्थिरता र अवरुद्ध आर्थिक विकास

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेताहरूको स्वार्थका लागि हामी सकडमैं गइरहने हो, उनीहरूको लागि जुलूस प्रदर्शनमा सरिक भइरहने हो भने हाम्रो मुलुक पनि अफगानिस्तान वा यमन वा सोमालिया बन्न सक्छ । नेताहरूको अहम्ले देश बिगारेको प्रशस्त उदाहरण छन् ।**

नेपाली राजनीतिको पछिल्लो इतिहास हेर्ने हो भने यो २०४६ सालदेखि अति नै अस्थिर रहँदै आएको देखिन्छ । अहिले नेपालको राजनीति अति अस्थिर मात्र होइन, ज्यादै अनिश्चित पनि देखिएको छ । हुनत नेपालको राजनीति अस्थिर हुनु नौलो कुरा होइन । तर वर्तमानमा नेपालको राजनीति फरक विषय र विशेष प्रकृतिले अस्थिर भएको छ । विगतमा नेपालको राजनीति कुनै खास राजनीतिक मुद्दाहरूले गर्दा अस्थिर रहन्थ्यो । तर वर्तमानमा देखिएको राजनीतिक अस्थिरता कुनै खास एवं जनसरोकारको राजनीतिक मुद्दा नभएर केही नेताहरूको व्यक्तित्वको सङ्कट, टकराव वा सत्ता मोहले गर्दा उत्पन्न भएको हो । कुर्सीको लागि भएको हो ।

अहिलेको राजनीतिक अस्थिरता जन हितको लागि होइन भन्ने कुरा घामझैं छर्लङ्ग छ । वर्तमान राजनीतिक सङ्कट नेताहरूको स्वार्थले गर्दा उत्पन्न भएको हो भन्ने यथार्थ आम जनताले बुझ्न अब ढिलो गर्नुहुँदैन ।

आफ्नो स्वार्थको लागि जनतालाई सडकमा उतार्ने र नेपालको राजनीति अस्थिर पार्ने दोषीको रूपमा एउटा नेताले अर्को नेतालाई देखाउने राजनीतिका चतुर खेलाडीहरूले वर्तमान राजनीतिक सङ्कट समाधानका लागि तीन विकल्प अगाडि सारेका छन्–संसद् पुनःस्थापना पहिलो, ताजा निर्वाचन दोस्रो र जनान्दोलन तेस्रो ।

यी तीन समाधानमध्ये सर्वाधिक अपरिपक्व एवं डरलाग्दो तेस्रो जनान्दोलन देखिएको छ । वर्तमान राजनीतिक सङ्कट समाधानको लागि तेस्रो जनान्दोलन गर्ने उद्घोष हुनु नेताहरूको विवेकशून्यता हो । यो समाधान, वर्तमान परिप्रेक्ष्यमा किन उपयुक्त छैन भने यसले नेपालको आर्थिक विकासको गतिलाई सुस्त पार्ने मात्र होइन, गतिहीन नै पार्नेछ र नेपाललाई थप गरीब पार्नेछ । दुई छाक पेट भर्न लाखौं नेपाली भारततिर लाग्नुपर्ने स्थिति सृजना हुनेछ ।

आन्दोलन हिंसक हुन्छ र हिंसाले निश्चितरूपमा आर्थिक विकास अवरुद्ध पार्छ । कोरोना सङ्कटले देशको अर्थतन्त्र ढल्ने स्थितिमा पुऱ्याएको बेला आन्दोलन गर्नु मूर्खताबाहेक केही हुन सक्तैन ।

अहिले कोरोना सङ्कटले गर्दा देशको आर्थिक विकास गतिहीन भएको छ । देशको पर्यटन क्षेत्र ऋणात्मक स्थितिमा छ । पर्यटन उद्योगमा संलग्न व्यापारीहरूले नाफा कमाउनु त परको कुरा भयो उक्त व्यवसायलाई निरन्तरता दिन पनि गाह्रो छ । नेपाल मात्र होइन, विश्व पर्यटन बजार नै महामन्दीको स्थितिमा छ । संसारभरि मानिसहरूले घुमफिर लगभग बन्द नै गरेका छन् ।

नेपाललाई राम्रो रोजगार दिएर नियमित आय दिने अन्तर्राष्ट्रिय श्रम बजार पनि कोरोना सङ्कटले गर्दा अस्तव्यस्त छ । विदेशबाट फर्केका नेपाली श्रमिकहरू आआफ्नो कार्य स्थलमा पुग्न सकेका छैनन् । र कहिले फर्किन पाउने हुन त्यस कुराको पनि टुङ्गो छैन । ठूलो सङ्ख्यामा नेपालीहरूलाई रोजगार दिने खाडीका मुलुकहरू अहिले आफैं सङ्कटको स्थितिमा छन् ।

आवागमनमा इच्छित सरलता नभएको हुँदा राष्ट्रिय उद्योग एवं व्यापारले पनि अपेक्षित गति लिन सकेको छैन । मानिसमा अहिले पनि एक किसिमको असुरक्षा र अनिश्चितता व्याप्त छ । व्यापारिक कारोबारमा ठूलो कमी आएको छ ।

विश्व अर्थव्यवस्था नै निराशानजक स्थितिमा छ । विश्वका आर्थिक महाशक्ति मानिएका मुलुकहरू संयुक्त राज्य अमेरिका, चीन, बेलायत, जर्मनी, फ्रान्स, इटली, स्पेन, भारत आदिमा पनि बेरोजगार, उपत्पादनमा ऱ्हास, वितरण समस्या, कच्चा पदार्थको अभावजस्ता विषम स्थिति देखिएका छन् । युरो क्षेत्रका राष्ट्रहरूको सेवा एवं पर्यटन व्यवसाय नराम्ररी प्रभावित हुन पुगेको छ । पटकपटकको लकडाउन, सामाजिक दूरी र आवागमनमा अवरोधले गर्दा युरो जोन राष्ट्रहरूका सेवा क्षेत्र (हवाईसेवा, होटल, रेस्टुरा, भ्रमण, अवलोकन) नराम्ररी प्रभावित भएर देशको अर्थतन्त्रलाई स्थिरता दिन कतिपय युरो जोनका राष्ट्रहरू ऋण लिनुपर्ने स्थितिमा पुगेका छन् । स्पेन र इटलीको स्थिति चिन्ताजनक छ ।

हुनत नेपालले विश्व व्यापारबाट खासै फाइदा लिन सकेको छैन । तर जति भए पनि वा सानै अंशमा फाइदा लिए पनि, यो विषम परिस्थितिमा नेपालले सानो विश्व व्यापारबाट फाइदा लिन सक्ने स्थिति देखिंदैन । अर्थात् कोरोना सङ्कटले गर्दा नेपालले विश्व व्यापारबाट फाइदा उठाउन सक्ने स्थिति छैन ।

कोरोनाविरुद्ध खोप दिने कार्यमा व्यापकता आएर गरीब देशका नागरिकले पनि सजिलै खोप पाउने भएमा मात्र विश्व अर्थ व्यवस्था पुरानो अवस्थामा फर्कने अनुमान गरिएको छ । र यो स्थिति सन् २०२२ को मध्यसम्म आउने अनुमान गरिएको छ । अर्थात् आउने लगभग डेढ वर्ष विश्व व्यापारको लागि सहज छैन । विश्व व्यापारको लागि आउने दिनहरू चुनौतिपूर्ण छन् । र यसको प्रभाव नेपालमा पनि निश्चितरूपमा पर्नेछ ।

माथि भनिएका विभिन्न कारणहरूबाट प्रभावित भएर आफ्नो मुलुक आर्थिक सङ्कटमा फस्ने हो कि भन्ने भयले विश्वका सरकारहरू आफ्नो देशको अर्थ व्यवस्था स्थिर राख्न के कस्ता कार्य गर्ने भन्दै अनेक गृहकार्य गरिरहेका छन् । कम आय भएका व्यक्तिलाई आर्थिक सहयोग गर्दै राष्ट्रिय उत्पादन र रोजगार वृद्धि गर्ने लक्ष्यका साथ अमेरिकी सङ्घीय सरकारले आफ्ना गरीब नागरिकलाई पहिलोपटक १२ सय र दोस्रो पटक ६ सय गरी १८ सय डलर सहयोग (सन् २०२०) गरिसकेको छ । र थप सहयोग गर्ने विषयमा विचार गरिरहेको छ । खास किसिमको अवस्थाबाट देशको अर्थतन्त्रलाई जोगाउन अनेक राष्ट्रका सत्ता पक्ष र विपक्षका नेताहरू पनि साझा सहमति कायम गर्न सफल भएका छन् ।

यस्तो विषय परिस्थितिमा अनेक मत मतान्तरलाई एकातिर पन्छ्याएर नेताहरू राष्ट्रको आर्थिक विकासका लागि एकजुट हुनुपर्नेमा विवेकशून्य भएर तेस्रो जनान्दोलन गर्ने धम्की दिइरहेका छन् । यो धम्की कसलाई दिएको हो ? जतनालाई दिएको हो वा सरकारलाई ? सरकारलाई धम्की दिएको मान्ने हो भने पनि आन्दोलनको असर जनतालाई पर्ने हो । त्यस अर्थमा यो जनतालाई दिइएको धम्की हो । जनताले यो रहस्य बुझ्न आवश्यक छ ।

तेस्रो जनान्दोलन, वर्तमान सङ्कटको समाधन कुनै पनि किसिमले होइन । वर्तमान सङ्कटको कारण वा स्रोत नेताहरूको सत्ता लिप्सा एवं व्यक्तित्व टकराव भएकोले यसको उत्तम समाधान समन्वयकर्ताहरूले झगडिया नेताहरूबीच समन्वय गराइदिनु हो । निष्पक्ष, कुनै दलको नजीक नभएका व्यक्तिहरूको समूह समन्वयकर्ताको रूपमा प्रस्तुत भएर उनीहरूले केपी ओली र माधव नेपाल–पुष्पकमल दहाल पक्षहरूबीच समन्वय गराइदिने हो भने वर्तमान राजनीतिक सङ्कटको समाधान निस्कन सक्छ । शेरबहारदुर देउवा तथा रामचन्द्र पौडेललाई पनि यस किसिमको समन्वय–वार्तामा सरीक गराउनु झनै प्रभावकारी हुन्छ । यस्तो विषम (कोरोना सङ्कट) परिस्थितिमा सङ्घर्ष होइन, समन्वय उत्तम हुन्छ ।

यदि नेताहरूबीच समन्वय हुन नसक्ने स्थिति उत्पन्न भएमा मात्र वर्तमान राजनीतिक सङ्कटको समाधानको अर्को र अन्तिम प्रभावकारी उपाय नयाँ चुनाव गराउनु हुन सक्छ । नयाँ चुनावले नै यो राजनीतिक सङ्कटको प्रभावकारी समाधान दिन सक्छ ।

यी ठूला कहलिएका, सत्तालोलुप नेताहरूलाई राजनीतिबाट सदाको लागि बिदा गर्न, २०३५ सालदेखिको यिनीहरूको निरन्तर उपस्थिति समाप्त पार्न तथा जनताको लागि उत्तरदायी एवं विकासप्रेमी नेतालाई राष्ट्रिय राजनीतिमा प्रवेश दिन नयाँ निर्वाचन हुन आवश्यक पनि छ । आफ्नो स्वार्थका लागि जनता जनताबीच काटमार गराउने तर देशको आर्थिक विकासको लागि रत्ति नसोच्ने नेताहरूबाट मुक्ति पाउने एक मात्र प्रभावकारी एवं उपयुक्त उपाय नयाँ निर्वाचन नै हुन सक्छ ।

माटोजस्तो हुन्छ बाली पनि त्यस्तै लाग्छ । नेता उत्पादन जनताले गर्ने हो । यो तथ्यलाई हामीले बिर्सन हुँदैन । त्यसकारण अब 'हाम्रो होइन राम्रो नेतालाई मत' भन्ने स्थिति आएको छ । हाम्रो होइन, राम्रो नेतालाई हामीले मत दिएमा मात्र हामीले राम्रो नेता चयन गर्न सक्छौं । राम्रा नेताहरूले मात्र देशलाई आर्थिक विकासको पथमा दौडाउन सक्छन्, झगडियाहरूले होइन ।

नेताको लगि सडकमा जाने काम अब बन्द गर्नुपर्छ । हडताल, चक्काजाम, बन्द, जुलूस, प्रदर्शन समाप्त गर्नुपर्छ । देशको आर्थिक विकासको लागि यस्तो हुनु आवश्यक छ । होइन, नेताहरूको स्वार्थका लागि हामी सकडमैं गइरहने हो, उनीहरूको लागि जुलूस प्रदर्शनमा सरिक भइरहने हो भने हाम्रो मुलुक पनि अफगानिस्तान वा यमन वा सोमालिया बन्न सक्छ । नेताहरूको अहम्ले देश बिगारेको प्रशस्त उदाहरण छन् ।



हरियो तरकारी सस्तो भएपछि ग्रामीण भेगको पोखरिया बजारमा बिक्री वितरण गर्नका लागि राखिएका तरकारी । तस्वीरः राधेश्याम पटेल

## विद्युतीय चुलोबारे अभिमुखीकरण/प्रदर्शनी

प्रस, पंचगावाँ, ६ फागुन/



तस्वीरः प्रतीक

पटेर्वासुगौली गाउँपालिका–२ स्थित गादी स्वास्थ्य चौकीको सभाहलमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र नेपाल नवीकरणीय ऊर्जा कार्यालय काठमाडौंको आयोजनामा विद्युतीय चुलोसम्बन्धी अभिमुखीकरण तथा प्रदर्शनी सम्पन्न भएको छ ।

केन्द्रका उपसचिव लक्ष्मीप्रसाद पौडेल र गापा अध्यक्ष हरिनारायण चौधरीले संयुक्तरूपमा विद्युतीय चुलो बालेर कार्यक्रमको उद्घाटन गरेका थिए । केन्द्रका सहायक निर्देश मुकेश घिमिरेले कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेका थिए । कार्यक्रममा वैकल्पिक केन्द्रले पहिलो चरणमा गापामा २५० वटा विद्युतीय चुलो, सोमा प्रयोग हुने भाँडाबर्तन वितरण गर्ने केन्द्रका सहायक निर्देशक घिमिरेले बताए । विद्युतीय चुलोले प्रदूषण कम गर्ने र समयको बचत हुने उनले जानकारी गराएका थिए ।

गापा अध्यक्ष चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष विजय गैरेले स्वागत र कार्यक्रम सञ्चालन शिक्षा अधिकृत शम्भु साहले गरेका थिए ।

कार्यक्रममा पटेर्वासुगौली गाउँपालिका ऊर्जा शाखाका इन्जिनीयर निर्मल सिंह, वडाध्यक्ष राजेश्वर महतो, फरमान मियाँ अन्सारी, मोतीलाल साह, चेतन सापकोटा, वैकल्पिक ऊर्जा केन्द्रका अच्युत अर्याललगायतको सहभागिता थियो ।

## प्रत्येक वडा कार्यालय, विद्यालय र घरघरमा इन्टरनेट पुऱ्याइने

काठमाडौं, ६ फागुन/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले सरकारको आगामी नीति/कार्यक्रम र बजेटमा पत्रकारिता क्षेत्रबाट समावेश गर्नुपर्ने विषयबारे सुझाव दिन आग्रह गरेका छन् । मन्त्रालयद्वारा बिहीवार आयोजित पत्रकारसँगको अन्तर्क्रियामा मन्त्री गुरुङले सञ्चार क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै सुझावको माग गरे । उनले भने, "सञ्चार क्षेत्रमा नीतिगत सुधारसँगै थुप्रै सुधार गर्नुपर्ने छ, त्यसका लागि सञ्चार क्षेत्रका विज्ञहरूको सुझावको आवश्यकता छ ।"

सरकारका प्रवक्ता गुरुङले दूरसञ्चारमा देखिएका समस्याका कारण पनि दुर्गम जिल्लाका पत्रकारले समस्या भोग्नुपरेको विषयलाई जतिसक्दो चाँडो सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गरे । उनले प्रत्येक वडा कार्यालय, विद्यालय र घरघरमा इन्टरनेट पुऱ्याउने सरकारको योजना सुनाए । "सबैलाई एउटै डालोमा राखेर हेर्नुहुँदैन तर पत्रकारितामा अराजकता र विकृति मौलाउँदै गएको छ, विश्वसनीयतामा प्रश्न उठ्न थालेको छ, यसको पनि गुणस्तर मापन गर्नुपर्ने बेला आएको छ ।"

सो अवसरमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले महासङ्घ सधैंभरि पत्रकारको



अधिकारका निम्ति लड्दै आएका र आगामी दिनमा पनि लडिरहने प्रतिबद्धता व्यक्त गरे । विज्ञापन बोर्डका सदस्य बलराम थापाले प्रत्येक जिल्लाको सुझावका आधारमा लोककल्याणकारी विज्ञापनमा देखिएको समस्या समाधान गरिने बताए ।

महासङ्घ सप्तरीका अध्यक्ष जीतेन्द्र खड्गाले लोककल्याणकारी विज्ञापन प्रकाशन गरेबापत पाइने रकम जिल्लाबाटै भुक्तानी हुने व्यवस्था मिलाउनुपर्ने माग गरे । महासङ्घ झापाका अध्यक्ष तारामणि सापकोटाले सङ्घ, प्रदेश र स्थानीय सबै निकायमा सञ्चारमाध्यम दर्ता गर्ने व्यवस्था मिलाउन आग्रह गरे । महासङ्घ स्याङ्जाका अध्यक्ष ओमप्रकाश शर्माले पत्रकारिता अध्ययन गर्न चाहने पत्रकारका लागि छात्रवृत्तिको माग गरे । महासङ्घका सचिव शीतलप्रसाद महतोले आम सञ्चारमाध्यम विषयवस्तु र सहभागिताको हिसाबले समावेशी हुनुपर्नेमा जोड दिए ।

## न्यादी आयोजनाको विद्युत् जेठदेखि

लमजुङ, ६ फागुन/रासस

निर्माणाधीन ३० मेगावाट क्षमताको न्यादी आयोजनाले आगामी जेठबाट विद्युत् उत्पादन गर्ने भएको छ ।

मर्स्याङ्दी गाउँपालिका–६ स्थित ङादीखोलामा चिनियाँ कम्पनी चचियाङ हाइड्रोपावर कन्स्ट्रक्शन एन्ड इन्स्टलेशन कम्पनीद्वारा निर्माण गरिरहेको सो आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । आगामी जेठभित्रमा सबै निर्माण सकेर विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको आयोजनाका सिनियार इन्जिनीयर विवेक काराञ्जीतले जानकारी दिए ।

उनले भने, "हालसम्म ९५ प्रतिशत निर्माण सम्पन्न भइसकेको र बाँकी सम्पन्न गर्नुपर्ने कार्य पनि अन्तिम अन्तिम चरणमा पुगेको छ । हालसम्म टनेल, पेनस्टक पाइप लाइनको काम, सुरुङको सबै काम सम्पन्न भइसकेको छ ।" बाँधस्थलको पनि ९९ प्रतिशत काम सम्पन्न भइसकेको छ । बाँधस्थलमा एउटा गेट मात्र राख्न बाँकी रहेको छ ।

पावर हाउसको अधिकांश काम सम्पन्न भइसकेको र उपकरण जडान अघि बढिरहेको आयोजनाले जनाएको छ । पावर हाउसमा दुई उपकरण जडान गर्न बाँकी रहेको बताइएको छ । उनका अनुसार प्रसारण लाइनको काम पनि ५० प्रतिशत सम्पन्न भएको छ । आयोजनाबाट ९ किलोमिटर टाढा ट्रान्समिसन लाइन जोड्नका लागि २५ टावर राख्नुपर्नेमा हालसम्म १२ वटा राखिसकेको र १३ राख्न बाँकी रहेको छ । आयोजनाका जनसम्पर्क अधिकृत विजय गुरुङले भने, "हामीले यही फागुन महीनातिर निर्माण कार्य सक्ने लक्ष्य राखे पनि कोभिडलगायत विविध कारणले गर्दा निर्माणको अवधि थपिएको छ ।" रोकिएका सामग्री आइपुग्ने आयोजनाले जनाएको छ ।

विसं २०७३ चैत महीनादेखि निर्माण थालनी गरेको आयोजनाले तीन वर्षभित्र सम्पन्न गरिसक्ने सम्झौता भएको थियो । उक्त सम्झौता अनुसार गत चैतमा आयोजनाको निर्माण सम्पन्न गरी विद्युत् उत्पादन गर्नुपर्थ्यो । विविध कारणले निर्माणमा ढिलाइ भइरहेका बेला लकडाउनले समेत आयोजनालाई प्रभाव बनाएकाले लम्बिन पुगे पनि अब भने समय थप गर्न नपर्ने आयोजनाले जनाएको छ ।

आयोजनाका अनुसार ६ अर्बको लागतमा निर्माण सम्पन्न गर्ने लक्ष्य आयोजनाको छ । आयोजनामा एभरेस्ट बैंकको अगुवाइमा पाँच बैंकले ७५ प्रतिशत अर्थात रु साढे चार अर्ब ऋण लगानी गरेका छन् । बुटवल पावर कम्पनीको २५ प्रतिशत लगानी रहेको छ । आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग वर्षायाममा रु ४.८० र सुक्खायामका लागि रु ८.४० मा विद्युत् खरीद सम्झौता (पिपिए) गरेको छ ।

त्यस्तै, सो आयोजनाबाहेक पिपुल हाइड्रोपावर कम्पनीद्वारा निर्माणाधीन दोदी कोरिडोरकै सबैभन्दा ठूलो दोदी गाउँपालिका वडा नं ६ ढोडेनीमा निर्माणाधीन ५४ मेगावाट क्षमताको कोभिडका कारणले प्रभावित बनेको सुपरदोदी 'ख' आयोजनाले आगामी भदौं महीनासम्म बिजुली उत्पादन गर्ने लक्ष्य राखेको छ । त्यस्तै, सोही पालिकामैं निर्माणाधीन हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीद्वारा निर्माणाधीन २७ मेगावाट क्षमताको दोदीखोला जलविद्युत्, लिबर्टी इनर्जी लिमिटेडद्वारा निर्माणाधीन २५ मेगावाटको माथिल्लो दोदी 'ए' आयोजनाले आगामी चैत महीनाबाट बिजुली उत्पादन गर्ने भएको छ । सोहीअनुरूप निर्माण कार्यलाई तीव्रता दिँदै आएको बताइएको छ ।

# अर्थतन्त्रको बाधक बेरोजगार

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**गरीबी, असमानता, पछौटेपन, चोरी, डकैती र मानव बेचबिखनलगायत बहुआयामिक सामाजिक समस्या बेरोजगारीका कारण उत्पन्न हुन्छन् भने बेरोजगारी चाहिं सरकारको अक्षमता र अकर्मण्यताका कारण मात्र उत्पन्न हुन्छ ।**

नेपालमा आर्थिक विकास र समृद्धिको बहस नौलो विषय होइन । १०४ वर्षको जहानियाँ शासनको अन्त्यसँगै २०१३ सालदेखि शुरू भएको योजनाबद्ध विकासको प्रयाससँगै आर्थिक विकासको बहसले थप तीव्रता पाउँदै आएको छ। नेपालसँगै विकास र समृद्धिको शुरूआत गरेका छिमेकी मुलुक भारत, चीन र कोरियालगायत देश विश्व अर्थतन्त्रमा उदीयमान शक्तिका रूपमा अघि बढेका छन्। तर नेपाल भने आर्थिक विकास र समृद्धिको नारामैं सीमित छ । हुनत विकास र समृद्धिलाई राजनीतिक स्थायित्वसँग जोडेर पनि हेर्ने गरिन्छ। राजनीतिक स्थायित्वविना विकास र समृद्धि सम्भव हुँदैन । विगतका राजनीतिक अस्थिरतालाई विकास र समृद्धिको प्रमुख बाधकका रूपमा बुझिंदै आएको थियो। कहिले राणाशासनलाई विकास र समृद्धिको बाधक ठानियो त कहिले शाहवंशीय राजतन्त्रलाई। यी दुवै खाले शासनशैली समाप्त भई मुलुकमा अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिमार्फत समावेशिताको सिद्धान्त अनुरूप विकास र समृद्धिको यात्रा तय गर्ने भनिएको छ।

नेपालको संविधान २०७२ को मुख्य लक्ष्य भनेकै दिगो शान्ति, सुशासन, विकास र समृद्धिमार्फत मुलुकलाई समाजवाद उन्मुख राष्ट्रका रूपमा स्थापित गराउनु हो। संविधानले परिकल्पना गरे मुताबिक राज्य पुनर्संरचना भई अहिले मुलुकमा तीन तहको सरकार क्रियाशील छ। पाँच वर्षको मतादेशसहित स्थिर र दिगो सरकारको उपनामले चिनिएको तीन तहका सरकारमध्ये प्रधानमन्त्री केपीशर्मा ओली नेतृत्वको सङ्घीय सरकारले प्रतिनिधिसभा विघटन गरेर निर्वाचनमा जाने निर्णय गरेको छ। यस सम्बन्धी मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन छ । पाँच वर्षको मतादेशसहित गठन भएको बलियो र स्थिर सरकारबाट मुलुकमा विकास र समृद्धि हुने नेपाली जनताको आशा–अपेक्षा थियो। यसलाई स्वाभाविक मान्नुपर्दछ। तर प्रतिनिधिसभा विघटन गरेर सरकारले मुलुकलाई पुनः राजनीतिक अस्थिरतातर्फ धकेलिदिएको छ। यसरी विकास र समृद्धिको सपना बाँडेर सत्तामा पुगेको वर्तमान सरकारसँग जनता भने सन्तुष्ट देखिंदैन । सरकारको यस्तो कार्यशैलीविरुद्ध मुलुकमा दिनहुँ सभा, जुलुस र विरोध प्रदर्शन भइरहेको छ। यो विकास र समृद्धिका लागि पक्कै पनि राम्रो र सकारात्मक विषय होइन। हाम्रा समकालीन मुलुकहरू आश्चर्यजनकरूपले विकास र समृद्धिको बाटोतर्फ लम्किरहेको बेला हामी भर्खरै शौचालय, बाटो, सडक, पुल बनाउँदै छौं । यसले विकास र समृद्धिको यात्रामा हामी कहाँ छौं भन्ने प्रश्न उब्जिएको छ। आर्थिक विकासका प्रचुर सम्भावना हुँदाहुँदै पनि बेरोजगारी, गरीबी, अशिक्षा, रोग, कुपोषण, प्राकृतिक विपद्जस्ता विविध समस्याबाट यहाँको आर्थिक तथा सामाजिक जीवन ग्रस्त छ। कृषि, उद्योग, वाणिज्य, पर्यटन, वैदेशिक रोजगार, मानव संसाधनजस्ता आर्थिक विकासका प्रमुख पक्षहरूसमेत विभिन्न समस्या र चुनौतीबीच रुमलिएका छन्।

यसैबीच कोरोना सङ्क्रमणको महामारीबाट विश्व नै आक्रान्त छ । कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले गत चैत ११ गतेदेखि गरेको बन्दाबन्दीपछि आर्थिक क्रियाकलाप प्रायः ठप्प भएको थियो । पछिल्लो समय बन्दाबन्दी खुलेको अवस्थामा पनि अर्थतन्त्र लयमा फर्कन सकेको छैन। यसो हुँदा एकातिर उत्पादन र आपूर्ति प्रणाली प्रभावित भई उपभोगमैं सीधा असर परेको छ भने अर्कोतिर रोजगारको अवसर खुम्चिंदा र गुम्दा गरीबीको दर बढेको आकलन गरिएको छ । लामो समयसम्म रोजगार गुम्दा बेरोजगारी दर बढ्ने र यसले वर्तमान गरीबी दर थप बढाउने निश्चित देखिएको छ। 'नेपाल श्रमशक्ति सर्वेक्षण २०७४–७५ (तेस्रो)' ले पनि २७.० प्रतिशत घर परिवारका कम्तीमा एकजना सदस्य विदेशमा कार्यरत रहेको देखाएको छ। मुलुकमा ९ लाख जनशक्ति बेरोजगारी रहेको पनि सो सर्वेक्षणले देखाएको छ। तीमध्ये शहरी बेरोजगारीको सङ्ख्या ६ लाख र ग्रामीण बेरोजगारीको सङ्ख्या ३ लाख रहेको छ। बेरोजगारी दर भने ११.४ प्रतिशत रहेको छ भने अर्धबेरोजगारीको हिस्सा झन्डै ३९ प्रतिशत छ । आर्थिक वर्ष २०७६–७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत बेरोजगारीको सङ्ख्या १३ लाख रहेको छ । उता विश्व बैंकको 'जब्स डाइग्नोस्टिक नेपाल' नामक एक अध्ययन प्रतिवेदन अनुसार नेपालको कुल जनसङ्ख्याको ७.३ प्रतिशत विदेशमा छ। सरकारले स्वदेशमा रोजगार सिर्जनाका लागि खासै प्रभावकारी कदम नचालेको अवस्थामा विश्व बैंकले उपर्युक्त प्रतिवेदन सार्वजनिक गरी सन् १९९८, २००८ र २०१८ को रोजगारीको स्थितिको तुलनात्मक विश्लेषण गर्दै रोजगार सिर्जनामा सुधार गर्नका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति र कार्यक्रम कार्यान्वयनमा जोड दिएको छ। नयाँ रोजगार सिर्जनाका लागि उद्यमशीलताको विकाससँगै नीतिगत सुधार गर्न प्रतिवेदनमा सुझाइएको छ। विश्वव्यापी कोरोना महामारीका कारण विदेशमा कार्यरत हजारौं नेपाली पनि कामविहीन बन्न पुगेका छन्। हजारौं नेपाली कामदार कामविहीन भएर स्वदेश फर्केका छन्।

केन्द्रीय तथ्याङ्क विभागको सन् २०१७–१८ को श्रमशक्ति सर्वेक्षण अनुसार नेपालमा काम गर्ने उमेर समूहका (१५ वर्षमाथि) झन्डै २ करोड ७ लाख जनसङ्ख्या छ। त्यसमध्ये ५५.६ प्रतिशत महिला छन्। काम गर्ने उमेर समूहका करीब ७१ लाख जनसङ्ख्या रोजगार तथा श्रम बजारमा सहभागी छ । त्यसमध्ये महिला सहभागिता ४६.२ प्रतिशत छ । रोजगारीमा पुरुषको तुलनामा महिलाको सङ्ख्या कम भए पनि रोजगार गुम्नेमा महिलाको सङ्ख्या धेरै छ । मधेसी समुदायमा वैदेशिक रोजगारमा गएका पुरुषहरू घर फर्केपछि झनै समस्या बढेको छ। घर परिवारमैं थुनिएर बस्नुपर्दा पछिल्लो समय महिलाहरूमा हिंसाको जोखिमसमेत बढेको छ । कोरोनाका कारण सङ्गठित तथा सरकार नियन्त्रित रोजगार संस्थामा रोजगार गुमाउनुपर्ने खासै समस्या नभए पनि अनौपचारिक र स्वरोजगार क्षेत्रमा कार्यरत ठूलो सङ्ख्याका महिलाले रोजगार गुमाउनुपरेको छ । घर र रोजगारको दोहोरो जिम्मेवारी वहन गर्नुपर्ने महिला आर्थिक सङ्कटमा परेका छन् । कोरोना सङ्क्रमणका कारण बन्दाबन्दी हुँदा शृङ्गार तथा ब्युटिपार्लरमा काम गर्ने ९० प्रतिशत महिला बेरोजगारी भएका थिए । टेम्पो चलाएर जीविका धान्नेहरू शतप्रतिशत बेरोजगारी भएका थिए। अहिले पनि उनीहरूको व्यवसाय लयमा फर्कन सकेको छैन । यसरी स्वरोजगार बनेकाहरूको लगानी डुबेको छ, ऋणको ब्याज र घर भाडा तिर्न नसक्दा रोजगारी क्षेत्र परिवर्तन गर्नुपर्ने अवस्था आइसकेको छ। विनापारिश्रमिक महिलालाई घरायसी खर्च व्यवस्थापन गर्न चुनौती देखिएको छ। यसले शारीरिक तथा मानसिक हिंसाको जोखिमसमेत बढाएको छ। महिला हिंसा बढ्नुमा प्रमुख कारण उनीहरू आर्थिकरूपमा सबल नहुनु हो ।

यसरी गाउँदेखि शहरसम्म बेरोजगारी समस्या बढ्दै जाँदा मुलुकको अर्थतन्त्रमैं गम्भीर असर पर्ने हुँदा तत्काल विकल्प खोज्नु जरूरी देखिएको छ । सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्षमा २ लाख विपन्न बेरोजगारी युवालाई कम्तीमा १ सय दिनको रोजगार दिने लक्ष्य लिएको छ। मुलुकका ७५३ वटै स्थानीय तहबाट युवा बेरोजगारको सूचीमा सूचीकृत युवाले यस्तो रोजगारको अवसर पाउने भनिएको छ । चालू आर्थिक वर्षमा रोजगार कार्यक्रमका लागि सरकारले रु ११ अर्ब ६० करोड बजेट विनियोजन गरेको छ। गत आर्थिक वर्षमा सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ६० हजार बेरोजगारी युवालाई न्यूनतम सय दिनको रोजगार दिएको थियो। त्यसका लागि सरकारले रु ५ अर्ब १ करोड बजेट खर्च गरेको थियो। विभिन्न कारणले मुलुकमा बेरोजगारी बढ्दै गरेको अवस्थामा वैदेशिक रोजगारबाट फर्केकालाई रोजगार दिने योजना अनुसार तत्कालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यसहितका रोजगार सिर्जना गरिने भनिएको छ । योजनामा तत्काल रोजगार सिर्जना गर्ने क्षेत्र भनेको कृषि नै हो। विभिन्न आर्थिक तथा सामाजिक कारणले उपेक्षामा परेको कृषिमा रोजगारको अथाह सम्भावना छ। कृषिमा अथाह जनशक्ति ग्रहण गर्न सक्ने क्षमता पनि छ। यो यथार्थलाई बेवास्ता गर्दा मुलुकमा बेरोजगार मात्रै बढेको छैन, आन्तरिक उत्पादनसमेत प्रभावित हुँदै आएको छ । कृषि उपेक्षित हुँदा रोजगारको अवसर गुमेको छ । रोजगारको अवसर गुम्दा लाखौं ऊर्जाशील जनशक्ति बेरोजगारी बन्न र रोजगारका लागि विदेशिन बाध्य छ । त्यसैले तत्कालीन योजनामा कृषिमा आधारित स्वरोजगार परियोजना, गरीबी निवारणका लागि लघु उद्योग विकास कार्यक्रम, आप्रवासी कामदारहरूको रोजगार सिर्जना, जीविकोपार्जनमा सुधार परियोजना, ग्रामीण उद्यम तथा विप्रेषण आयोजना र स्तरोन्मुख उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख छ। यसैगरी मध्यकालीन र दीर्घकालीन लक्ष्यमा घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, औद्योगिक ग्राम स्थापना तथा सञ्चालन, रुग्ण उद्योगको पुनःस्थापना, औद्योगिक क्षेत्रमा सुधार, नवप्रवर्तन शुरूआती अनुदान कार्यविधि र युवा स्वरोजगार कोषसँग साझेदारी, सुक्खा बन्दरगाह निर्माण र विशेष आर्थिक क्षेत्र निर्माण गर्ने उल्लेख छ। तर योजना र लक्ष्य अनुसार कार्य गर्न नसक्दा सरकार आफ्नो लक्ष्य र योजनामा सधैं चुक्दै आएको छ । सरकारले प्रस्तुत गरेको चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि युवालाई कृषिमा रोजगार प्रदान गर्ने उल्लेख छ। कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायका रूपमा विकास गरिने र महिला सहकारी समूहहरू तथा अर्धबेरोजगारी र वैदेशिक रोजगारबाट फर्केका युवालाई कृषि व्यवसायमा आकर्षित गरिने उल्लेख छ। यसैगरी चालू आर्थिक वर्षको बजेट वक्तव्यमा पनि करीब साढे ६ लाख जनशक्तिलाई रोजगार प्रदान गर्नेगरी विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

गरीबी, असमानता, पछौटेपन, चोरी, डकैती र मानव बेचबिखनलगायत बहुआयामिक सामाजिक समस्या बेरोजगारीका कारण उत्पन्न हुन्छन् भने बेरोजगारी चाहिं सरकारको अक्षमता र अकर्मण्यताका कारण उत्पन्न हुन्छ। प्रभावकारी आर्थिक नीति तुर्जमा गरी रोजगार सिर्जना गर्ने कार्यमा सरकार असफल हुँदाको परिणाम हो बेरोजगारी। त्यसैले सरकारको दक्षता र कार्यकुशलता जाँच्ने कसी पनि हो बेरोजगारी। मुलुकमा जति बढी बेरोजगारी सङ्ख्या बढ्छ, सरकार उति अक्षम र असफल साबित हुन्छ। यसविपरीत मुलुकमा बेरोजगारी सङ्ख्या जति कम हुन्छ, सरकार सक्षम र सफल प्रमाणित हुन्छ । स्वदेशमैं रोजगार गुमाएर बेरोजगारी बनेका तथा विदेशबाट रोजगार गुमाएर फर्केका लाखौं ऊर्जावान जनशक्ति राज्यले रोजगारको अवसर सिर्जना गर्ने आशा र त्यसको प्रतीक्षा गरिरहेका छन्। त्यसैले सरकारले यो यथार्थप्रति हेक्का राखेर रोजगार सिर्जनामा प्रतिबद्ध हुनु जरूरी छ।

# सङ्घीय प्रेस फोरमको बैठक सम्पन्न

प्रस, वीरगंज, ६ फागुन/

सङ्घीय प्रेस फोरम, पर्साको बैठक बिहीवार वीरगंजमा सम्पन्न भएको छ।

बैठकले फोरमका जिल्ला अध्यक्ष आरके पटेलको नेतृत्वमा नेपाल पत्रकार महासङ्घ पर्साको आगामी चुनावमा सहभागी हुने निर्णय गरेको छ ।

बैठकले महासङ्घ पर्साको आगामी चुनावको लागि प्रेस फोरमका अनिल तिवारीको अध्यक्षतामा ५ सदस्यीय समन्वय तथा वार्ता समिति गठन गर्ने निर्णय गरेको छ । समितिले चुनावमा आफ्नो उमेदवारहरूलाई भारी मतले विजयी बनाउन अन्य पत्रकार संस्थाहरूसँग समन्वय गर्ने अध्यक्ष पटेलले बताए ।

बैठकमा पूर्वसांसद प्रदीप यादव, जसपाका जिल्ला अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमद, प्रेस फोरमका वरिष्ठ जिल्ला उपाध्यक्ष श्याम कुशवाहा, सचिव निखिल वर्णवाल, राम कुशवाहा, अनिल तिवारी, ध्रुव साह, चन्द्रभूषण साह, जसपा नगर अध्यक्ष ईश्वर यादव, पत्रकार एसएम जहाँगस्त,



तस्वीरः प्रतीक

नरेश सर्राफ, अमित अग्रवाललगायतको सहभागिता थियो ।

# प्रदेश दलित विकास समिति गठन

प्रस, जनकपुरधाम, ६ फागुन/

प्रदेश २ सरकारले बिहीवार दलित विकास समितिका पदाधिकारी नियुक्त गरेको छ । बिहान बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले दलित विकास समितिको उपाध्यक्षमा सर्लाहीका रामप्रवेश बैठालाई नियुक्त गरेको हो ।

समितिका सदस्यहरूमा सिराहाकी सेवकीदेवी दास, सप्तरीका श्यामसुन्दर सरदार, रौतहटका राजकुमार दास तत्मा र सिराहाकी सुनीता मरिक डोमलाई नियुक्त गरिएको प्रदेशका सामाजिक विकासमन्त्री नवलकिशोर साहले जानकारी दिए । समितिको अध्यक्षमा सामाजिक विकासमन्त्री रहनेछन् ।

गठित समितिले दलित सशक्तीकरण ऐनलाई कार्यान्वयन गर्दै दलितमाथि हुने भेदभाव तथा दलित हिंसाविरुद्ध काम गर्ने मन्त्री साहले बताए ।

प्रदेशको दलित सशक्तीकरण ऐन एक वर्षअघि नै प्रमाणीकरण भइसके पनि कार्यान्वयन गर्न सरकारले तदारूकता नदेखाएको भन्दै दलित समुदायले गुनासो गर्दै आएका थिए ।

# अपराह्नपछि बदली र वर्षाको सम्भावना

काठमाडौं, ६ फागुन/रासस

पश्चिमी वायुको प्रभावले बिहीवार काठमाडौं उपत्यकासहित पहाडी भूभागका केही स्थानमा अपराह्नपछि बदली र हल्का वर्षा भएको छ। प्रि–मनसुनको समय नजीकिएकै कारण अपराह्नपछि मौसममा परिवर्तन भएको हो ।

शुक्रवारदेखि दुई–तीन दिन पहाडी भूभागमा आंशिक बदली हुने तर ठूलो पानी पर्ने सम्भावना भने नरहेको वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले बताए । उनका अनुसार तापक्रम बढ्दा स्थानीय वायुको प्रभाव बढ्ने र केही समयमैं मौसममा फेरबदल आउँछ ।

महीना मार्चदेखि शुरू हुने प्रि–मनसुन मेसम्म चल्छ। प्रि–मनसुनको प्रवृत्ति दिनमा घाम लाग्ने र अपराह्न तथा साँझपख मेघगर्जनसहित श्रणिक वर्षा हुन्छ ।

प्रदेश नं १ र २ लगायत देशका पहाडी भूभागमा शुक्रवार आंशिकदेखि सामान्य बदली भई उच्च पहाडी तथा हिमाली भूभागका एक वा दुई स्थानमा हलका हिमपातको सम्भावना छ ।

# तेइस सय अनलाइन सञ्चारमाध्यम दर्ता

काठमाडौं, ६ फागुन/रासस

पछिल्लो समयमा अनलाइन सञ्चारमाध्यमको सङ्ख्या बढ्दै गएको छ । सूचना तथा प्रसारण विभागका अनुसार चालू आर्थिक वर्षमा (साउन ६९, असोज ९१, मङ्सिर १६१, पुस ११७ र माघ पहिलो सातासम्म ४०) ४७८ वटा नयाँ अनलाइन दर्ता भएका छन् ।

आव २०७५/०७६ मा ५५० वटा अनलाइन नयाँ दर्ता गरिएको छ भने १७ वटा पुनः दर्ता गरिएको छ। २७२ वटा नवीकरण गरिएको छ। त्यसैगरी, आव २०७६/०७७ मा ५६१ नयाँ अनलाइन दर्ता गरिएको छ । सो अवधिमा २७२ वटा नवीकरण गरिएको छ। हालसम्म दुई हजार ३२५ अनलाइन दर्ता भएका छन् ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले पछिल्लो समयमा अनलाइन पत्रकारिता मूलधारको पत्रकारिताको रूपमा विकास भएका कारण पनि व्यावसायिक र विश्वसनीय बन्न जरुरी रहेको बताए । उनले भने, "अहिले अनलाइन पत्रकारिता मूलधारको पत्रकारिता बनेको छ तर यसको सङ्ख्या बढ्यो गुणस्तर भने बढ्न सकेन, सबै होइन, कतिपय अनलाइनले पत्रकार आचारसंहिताविपरीत समाचार प्रकाशन गरिएको पाइएको छ, त्यसलाई आचारसंहिता पालना गराउँदै नियमन गर्नुपर्छ ।"

दैनिक, अर्थ साप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक, अर्थ वार्षिक र वार्षिक गरी सात हजार ८०७ पत्रपत्रिका दर्ता गरिएको छ। प्रसारण विभागका अनुसार हालसम्म एक हजार १२७ एफएम रेडियो र २०२ टेलिभिजन च्यानलले इजाजत पाएका छन्।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनलाई २० करोड डलर सहयोग गर्ने

वाशिङ्टन ६ फागुन/सिन्हवा

संयुक्त राज्य अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनलाई आर्थिक सहयोग गर्ने भएको छ। विश्व स्वास्थ्य सङ्गठनलाई सङ्गठनलाई दिने भएको जानकारी बुधवार दिएका थिए। संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को एक बैठकमा उनले सो कुरा बताएका हुन्। बुधवार उनले भनेका बताए।

गत वर्ष मात्र अमेरिकी राष्ट्रपति ट्रम्पले विश्व स्वास्थ्य सङ्गठनलाई दिएको सहयोग रोक्ने मात्र नभएर सो सङ्गठनबाट



अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिन्केन। तस्वीरः एपी

यसअघि अमेरिकाले दिँदै आएको सहयोग रोकेको थियो। पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व स्वास्थ्य सङ्गठनलाई दिँदै आएको सहयोगमा शुरूमा कटौती गरेका थिए र पछि सहयोग रकम रोकेका थिए।

अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बुधवार अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनलाई २० करोड अमेरिकी डलर सहयोग गर्ने इच्छा व्यक्त गरेका थिए।

उनले अमेरिकाले सो रकम यसै महीनाको अन्त्यसम्ममा विश्व स्वास्थ्य थिए– अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनलाई २० करोड जति अमेरिकी डलर रकम उपलब्ध गराउन लागेको हो।

विदेशमन्त्री एन्टोनीले अमेरिकाको एउटा दायित्व अन्तर्गत नै हामीले विश्व स्वास्थ्य सङ्गठनलाई यो रकम उपलब्ध गराउन लागेको हो भनेका थिए। हालको विश्वव्यापी महामारीका क्रममा विश्व स्वास्थ्य सङ्गठनलाई बजेट आवश्यक परेको महसूस भएको र सोही अनुसार यो रकम उपलब्ध गराउन लागेको उनले अमेरिका बाहिरिएको निर्णय गरेका थिए। यो निर्णयको सर्वत्र विरोध भएको थियो।

अमेरिका भित्रै र बाहिर पनि सो निर्णयको विरोध भएको थियो। पछि अमेरिकाको राष्ट्रपतिमा जो बाइडेन आएपछि अमेरिका विश्व स्वास्थ्य सङ्गठनको सदस्यबाट बाहिरिने निर्णय खारेज गरेका थिए। जो बाइडेनले राष्ट्रपति पदको कार्यभार सम्हालेकै दिनमा नै उनले अघिल्लो ट्रम्प प्रशासनको सो निर्णय उल्ट्याएका थिए। रासस

## भारतमा कोभिड–१९ विरुद्धको खोप १४ लाखभन्दा बढीले लगाए

नयाँ दिल्ली, ६ फागुन/सिन्हवा

भारतमा गत जनवरी १६ देखि कोभिड–१९ विरुद्धको खोप कार्यक्रम शुरू भएको छ। सो दिनदेखि हालसम्म ९४ लाखभन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायः स्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ। यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बुधवारसम्म १ करोड ९ लाख ५० हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १२ हजार ८८१ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या १ करोड ९ लाख ५० हजार २०१ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीवार जनाएको छ।



तस्वीरः सिन्हवा

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १०१ जनाको मृत्यु भएपछि कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५६ हजार १४ जना पुगेको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड ६ लाख ५६ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ३७ हजार ३४२ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतको राष्ट्रिय राजधानी दिल्लीमा बुधवार १३४ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड–१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बुधवारसम्म देशभर २० करोड ८७ लाख ३ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। बुधवार एकै दिनमा मात्र सात लाख २६ हजारभन्दा बढी व्यक्तिलाई कोभिड–१९ परीक्षण गरेको जनाइएको छ। रासस

## छलफल गर्न युरोप र अमेरिकी कूटनीतिज्ञहरू सहमत

पेरिस, ६ फागुन/एएफपी

युरोपेली मुलुक र संयुक्त राज्य अमेरिकाका वरिष्ठ कूटनीतिज्ञहरू इरान मामिलाका विषयमा बिहीवार छलफल गर्न सहमत भएका छन्। यो छलफल खासगरी इरानसँग भएको सन् २०१५ को आणविक सम्झौताका विषयमा केन्द्रित हुनेछ।

फ्रान्सेली विदेशमन्त्री जाँ–येभ्स लि ड्रायनले जर्मन र बेलायती समकक्षीसँग पेरिसमा भेट्दै छन्। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले भिडियो कन्फ्रेन्सबाट सहभागिता जनाउनेछन्।

जर्मन चान्सलर एन्जेला मर्केलले इरानी राष्ट्रपति हस्सन रौहानीसँग टेलिफोनमा कुरा गरी इरानले आफ्ना प्रतिबद्धता पूरा गर्नेतर्फ विशेष चासो राखेको मर्केलका प्रवक्ताले बताएका छन्।

विज्ञहरूले पश्चिमा मुलुक र इरानबीच सन् २०१५ मा सम्पन्न आणविक सम्झौतालाई बचाउन निकै कठिन रहेको बताएका छन्। अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले आणविक सम्झौताबमोजिम इरान प्रतिबद्ध नरहेको आरोप लगाउँदै उक्त सम्झौताबाट अमेरिका सन् २०१८ मा बाहिरिएको घोषणा गरेका थिए।

तर राष्ट्रपति जो बाइडेन प्रशासनले उक्त आणविक सम्झौतामा पुनः प्रवेश गर्ने गरी तयारी गरेको जनाएको छ। तर इरानले आणविक कार्यक्रम स्थगित गरेमा इरानमाथि लागेका प्रतिबन्धहरू अमेरिकाले फुकुवा गर्ने पनि बताएको छ।

आगामी फेब्रुअरी २१ भित्र अमेरिकाले प्रतिबन्धहरू फुकुवा नगरे संयुक्त राष्ट्रसङ्घीय अनुगमनकर्तालाई इरानी आणविक कार्यक्रमको निरीक्षण गर्न नदिइने धम्की दिएको छ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा सङ्घ (आइएइए)का प्रमुख राफेल ग्रस्सी आणविक केन्द्रहरूको निरीक्षणलाई निरन्तरता दिने उद्देश्यले इरानी अधिकारीहरूसँग वार्ताका लागि शनिवार तेहरान जाने भएका छन्।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले इरानले आइएइएलाई पूर्ण सहयोग गर्नुपर्ने बताएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – धनलाभ | कन्या – प्रगति |
| तुला – रोगभय | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## सात महीनामा ४१ वटा यौन हिंसाका घटना

प्रस, महोत्तरी, ६ फागुन/

महोत्तरी जिल्लामा बितेको सात महीनामा ४१ वटा यौन हिंसाका घटना घटेका छन्। सोमध्ये ३१ वटा जबरजस्ती करणी र १० वटा जबरजस्ती करणी प्रयासका घटना घटेको जिल्लाका प्रहरी उपरीक्षक टीकाबहादुर केसीले जानकारी दिए।

उपरीक्षक केसीका अनुसार जबरजस्ती करणीमा ४५ जना संलग्न देखिएका छन्। त्यसैगरी, जबरजस्ती करणी उद्योगमा १३ जना संलग्न छन्। यसरी दुवै प्रकृतिका ४१ वटा घटनामा ५८ जना पीडक संलग्न देखिएका छन्। जबरजस्ती करणीको घटनामा संलग्न ४५ जनामध्ये २२ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ। त्यसैगरी, जबरजस्ती करणी उद्योगका घटनामा संलग्न १३ जनामध्ये आठजनालाई पक्राउ गरी कारबाई प्रक्रिया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

दुवै प्रकृतिका घटनाका २८ जना प्रतिवादी अझै फरार रहेकाले उनीहरूको खोजतलाश भइरहेको प्रउ केसीले बताए। उमेर समूहको हिसाबले यौन हिंसामा पर्ने अधिकांश महिला तथा युवायुवती २० वर्षमुनिका र कोहीकोही २४ वर्षसम्मका रहेका छन्। यौन हिंसाका घटना घर, डेरा, होटल, टोलछिमेक, वन, शिक्षालय सबैतिर भएको प्रहरीको तथ्याङ्कले देखाएको छ।

यसबारेमा जिल्लास्थित महिला अधिकारकर्मी रेखा झाले पनि विगत केही दिनदेखि जिल्लामा अप्रत्याशितरूपमा यौन हिंसाका घटना बढ्दै गइरहेको बताइन्। यसरी यौन हिंसाका घटना बढ्दै जानुमा विभिन्न कारण रहेको बताउँदै उनले पीडकलाई कडा कारबाई नभएको र टोल, समाज परिवारले समेत मिनहा, माफी दिने गर्नाले अपराधीको मनोबल बढेको बताइन्।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सहयोगी रञ्जु बरालको भने तर्क अलि फरक छ। आधुनिकताको नाउँमा भड्किलो पहिरन, अश्लील गीत, आवश्यकताभन्दा बढी खुलापन र सामाजिक मूल्य, मान्यताविपरीतका क्रियाकलाप यौन हिंसाका कारक रहेको भन्दै बरालले यस्ता घटनामा संलग्न जोकोहीलाई पनि कडा कारबाई हुनुपर्ने बताउँछिन्। यस्ता घटनामा संलग्नलाई प्रहरी, प्रशासन तथा न्यायिक निकायका साथै समाजले पनि विनापूर्वाग्रह शून्य सहनशीलता अपनाइ दण्ड र सजायको भागीदार बनाइनुपर्नेमा जोड दिएकी छन्।

कोभिड–१९ को सन्त्राससँगै लकडाउनको बेला महिला हिंसाका घटनामा वृद्धि भएको पाइएको छ। यस अवधिमा महिला घरेलु यौन हिंसासमेत भएको पाइएको छ। लकडाउनले घरबाहिर निस्कने अवस्था नहुँदा हिंसा सहेर बसेको सरोकार पक्षको भनाइ छ।

घटना धेरै भएपनि जिल्ला प्रहरी कार्यालयले सञ्चालन गरेको महिला तथा बालबालिका सेलमा भने उजूरी थोरै परेका छन्। उजूरी गर्नेहरू पनि सदरमुकाम आसपासका पीडित रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। "यस अवधिमा पतिबाट कुटपिटमा परेर हिंसा भोगिरहेका महिलाहरूको सङ्ख्या धेरै देखिएको छ," महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सहयोगी रञ्जु बरालले बताइन्।

लकडाउनका कारण घरबाहिर निस्कन सक्ने अवस्था नभएकाले कतिपय महिला हिंसा लुकाउन बाध्य भएको उनको भनाइ छ। "स्थानीय तहको न्यायिक समिति, स्थानीय प्रशासन र अदालतमा गएर उजूरी गर्ने वातावरण नहुँदा महिलाहरू हिंसा सहन बाध्य छन्, उनले भनिन्, "नजीकको प्रहरी युनिटमा समेत उजूरीपश्चात् छलफल गर्ने वातावरण छैन।" यस अवधिमा मादक पदार्थ सेवन गरेर पत्नीलाई कुटपिट गर्ने, छोरीहरूलाई हेला गर्ने, दुःख दिने घरेलु हिंसाका घटना बढी देखिएको उनले बताइन्।

शारीरिक श्रम नगरेर घरमैं बसिरहँदा आपराधिक मानसिकता भएकाहरूको ध्यान अपराधतर्फ नै जाने भएकाले यस्तो लकडाउनको बेला महिला हिंसाका घटना वृद्धि भएको प्रउ केसीको भनाइ छ।

## दलित, विपन्न परिवारलाई राहत वितरण

प्रस, पर्सागढी, ६ फागुन/

पर्सागढी नगरपालिका–३ मा रहेका दलित विपन्न परिवारलाई राहत वितरण गरिएको छ।

कोरोना महामारीविरुद्धको प्रयासमा हाम्रो ऐक्यबद्धता नाराका साथ युकेएड, स्ट्रीट चाइल्ड, आसमान नेपाललगायतका संस्थाको सहयोगमा सो वडामा रहेका मुसहर, डोम, तत्वा जातिका सय परिवारलाई खाद्यान्न सामग्री वितरण गरिएको थियो।

प्रतिपरिवार २५ किलो चामल, दाल २ किलो, मासको दाल ३ किलो, चना २ किलो, तेल ३ लिटर, नून ३ किलो राहत वितरण गरिएको थियो।



तस्वीरः प्रतीक

वडाध्यक्ष उद्धवबहादुर उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा स्ट्रीट चाइल्डका कञ्चन मगर, अरुण कोजु, आसमान नेपालका कार्यक्रम संयोजक जमुना श्रेष्ठ, इमर्जेन्सी अफिसर धर्मेन्द्र चौरसिया, शिवनाथ यादव, इन्दु माझी, छोटेलाल यादव, समसुलहक हवारी, रनिता पाण्डे, सुरेन्द्र सिंहलगायतले राहत सामग्री वितरण गरेका थिए।

## आयोगको पदभार तथा परिचयात्मक कार्यक्रम

प्रस, वीरगंज, ६ फागुन/

भूमिसम्बन्धी समस्या समाधान आयोग पर्साको पदभार तथा परिचयात्मक कार्यक्रम बिहीवार सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

जिल्ला समन्वय समिति, पर्साको भवनमा आयोजित कार्यक्रममा आयोगका अध्यक्ष बिनादेवी शर्मालगायत सदस्यहरूले पदभार ग्रहण गरेका थिए।

अध्यक्ष शर्माको अध्यक्षतामा भएको कार्यक्रममा जिसस पर्साका सभापति नेकमहम्मद अन्सारी, प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, नेकपाका केन्द्रीय सदस्य प्रभु हजरा, डा विश्वम्भर शर्मा, बसरुद्दीन अन्सारी, नेपाली काङ्ग्रेसका सचिव श्याम पटेल, नेकपाका नेता सुन्दर कुर्मी, मालपोत, नापी शाखाका कार्यालय प्रमुखले मन्तव्य व्यक्त गरेका थिए। आयोगका सदस्य शिवजी गुप्ताले कार्यक्रम सञ्चालन गरेका थिए।

## आँखा शिविर सम्पन्न

प्रस, पंचगावाँ, ६ फागुन/

पटेर्वासुगौली गाउँपालिका–५ मा बिहीवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

वडापालिकाको आयोजनामा निचुटा स्वास्थ्यचौकीमा आयोजित शिविरमा ३५२ जनाको आँखा परीक्षण गरिएको र त्यसमा १२६ जनामा मोतीबिन्दु फेला परेको स्वास्थ्यचौकीका इन्चार्ज प्रमोद कर्णले बताए। शिविरको उद्घाटन गाउँपालिकाका अध्यक्ष हरिनारायण चौधरीले गरेका थिए।

स्थानीय प्रमोद उपाध्याय र रजिश देवानको सहयोगमा माट्रिका आई फाउन्डेशनले शिविरमा प्राविधिक सहयोग गरेको थियो।

## सीमानाका सहज बनाउन नेकाको माग

प्रस, वीरगंज, ६ फागुन/

सीमानाका सहज बनाउनुपर्ने मागसहित नेपाली काङ्ग्रेस पर्साले जिल्ला प्रशासन कार्यालय, पर्सामार्फत सरकारलाई ज्ञापनपत्र बुझाएको छ।

कोभिड महामारीको समयदेखि बन्द रहेको सीमानाका खोली सहज आवतजावतको व्यवस्था मिलाउनुपर्ने माग गर्दै नेका पर्साका सभापति अजय द्विवेदीले प्रमुख जिल्ला अधिकारी आसमान तामाङलाई ज्ञापनपत्र बुझाएका हुन्। ज्ञापनपत्रमा नेपाल सरकारले नेपाल–भारत सीमानाका खोल्न निर्णय गरिसकेको भएपनि नेपाल–भारतका सीमानाका पूर्णरूपमा सञ्चालन सहज नभएको भन्दै यथाशीघ्र नाका सुचारु गर्न माग गरिएको छ।



प्रजिअलाई ज्ञापनपत्र पढेर सुनाउँदै। तस्वीरः सौजन्य

ज्ञापन बुझाउने कार्यक्रममा नेकाका उपसभापति दीनाप्रसाद गुप्ता, सचिव श्याम पटेल, पर्सागढी नगरपालिकाका प्रमुख लोकनारायण यादव, वीरगंज महानगरकी उपप्रमुख शान्ति कार्की, नरेन्द्र साह, विजय उपाध्याय, अरविन्द गुप्तालगायतको सहभागिता थियो।

# चुनाव हुनै सक्दैन –अध्यक्ष दाहाल

प्रस, निजगढ, ६ फागुन/

नेकपाका अध्यक्ष पुष्पकमल दाहालले सर्वोच्च अदालत र निर्वाचन आयोगले अपेक्षाविपरीत फैसला गरेमा देशमा चुनाव हुनै नसक्ने बताएका छन् ।

बाराको निजगढमा बिहीवार सञ्चारकर्मीसँग कुराकानी गर्दै अध्यक्ष दाहालले पछिल्लो समय प्रतिनिधिसभा पुनर्स्थापना हुने सम्भावना बढेको छ, जसले सकारात्मक सङ्केत दिन थालेको बताए ।

अहिले पार्टी, कार्यकर्ता र सर्वसाधारणमा पनि सर्वोच्च अदालतले के फैसला गर्ला र नेकपाको आधिकारिकता कुन पक्षले पाउला भनेर निकै चासो बढेको भन्दै उनले जनता संसद् पुनर्बहालीको पक्षमा रहेको बताए । उनले निर्वाचन आयोगले पनि आफूहरूलाई नै आधिकारिकता दिने बताए । उनले भने– "हामीहरू अहिले निराश हुनुपर्दैन। आशावादी बनौं। विधि, प्रक्रिया, संविधानको पक्षमा अदालतले फैसला गर्नेछ । जुन हामीहरूले भन्दै आइरहेका छौं ।

केही दिनअघि दुर्घटनाबाट निधन भएका नेकपा केन्द्रीय कमिटी सदस्य डाचाराम वाग्लेको शोकसभामा सहभागी हुन सर्लाहीतर्फ जाँदै गर्दा अध्यक्ष दाहालले बाराका पार्टी कार्यकर्ताहरूसँग पनि



तस्वीरः प्रतीक

भेटघाट गरेका थिए ।

कार्यक्रममा स्थायी कमिटी सदस्य नारायणकाजी श्रेष्ठ, नेकपा नेता पुरुषोत्तम पौडेल, पार्टी बारा जिल्ला अध्यक्ष अनिल श्रेष्ठ, सचिव सुन्दर विश्वकर्मालगायतका नेता, कार्यकर्ताहरू सहभागी थिए ।

# सिम्रौनगढमा कोरोनाविरुद्ध खोप शुरू

प्रस, सिम्रौनगढ, ६ फागुन/

सिम्रौनगढ जनस्वास्थ्य कार्यालयको



कोरोनाविरुद्धको खोप लगाउन लामबद्ध व्यक्तिहरू । तस्वीरः प्रतीक

प्राङ्गणमा बिहीवार कोभिड–१९ विरुद्ध पहिलो चरणको खोप अभियान शुरू भएको छ । बिहान १० देखि साँझ ५ बजेसम्म ३९० जनालाई कोरोनाविरुद्धको खोप दिइएको सिम्रौनगढ नपाका स्वास्थ्य संयोजक राजेन्द्र साहले बताए । आज जनप्रतिनिधि, कर्मचारी, सशस्त्र प्रहरी, जनपद प्रहरीलगायतलाई कोभिशिल्ड खोप दिइएको संयोजक साहले बताए । अभियानमा स्वास्थ्यकर्मी कृष्णकुमार, रत्नकुमार झा, मञ्जुदेवी यादव, बबिता महरा, धीरज साहलगायतले सहयोग गरेका थिए ।

# कोरोनाविरुद्धको खोप लगाउनेको सङ्ख्या बढ्यो

प्रस, जनकपुरधाम, ६ फागुन/

कोरोनाविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो समय धनुषामा बढेको छ। बिहीवार खोपकेन्द्रमा खोप लगाउनेको भीड थियो ।

खोप लगाउनेहरू उत्साहित भएर विभिन्न खोपकेन्द्रमा पुगी खोप लगाइरहेका केन्द्रमा खटेका स्वास्थ्यकर्मीहरूले बताए। जिल्ला स्वास्थ्य कार्यालय धनुषाले धनुषाका सबै स्वास्थ्य केन्द्रमा खोपकेन्द्र स्थापना गरेर दोस्रो चरणको सूचीका आधारमा खोप लगाइरहेको छ । दोस्रो चरणमा कर्मचारीहरू, सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरूलाई खोप लगाउने निर्देशन छ । पहिलो चरणमा स्वास्थ्यकर्मी, एम्बुलेन्सका चालक, सफाइकर्मी तथा शव व्यवस्थापनमा संलग्न रहेकाहरूलाई खोप लगाइएको थियो। पहिलो चरणमा धनुषा जिल्लामा ३ हजार ८ सय ३ जनालाई खोप लगाइएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्लामा बुधवार साँझसम्म १ हजार ३ सयजनाले खोप लगाइसकेका छन् ।

शुरूमा खोप लगाउनका लागि डराए पनि अहिले भने खोप लगाउन आउनेहरूको भीड बढेको जिल्ला स्वास्थ्य कार्यालय धनुषाका खोप प्रमुख राजदेव यादवले जानकारी दिए ।

भारत सरकारको सहयोगमा प्राप्त भएको कोरोनाविरुद्धको खोप निकै प्रभावकारी एवं सुरक्षित भएकाले निर्धक्क भएर खोप लगाउन लक्षित वर्गका व्यक्तिलाई उनले आग्रह गरेका छन् ।

नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजका प्रमुख डा सञ्जय ठाकुरले पनि खोप निकै सुरक्षित एवं प्रभावकारी भएकोले खोप लगाउन आग्रह गरेका छन्। आफूले पनि शुरूमैं खोप लगाएको र यसको कुनै असर पनि नदेखिएको उनले बताए ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |






# खेलकूदको संसार

## फ्युजन क्लब उदयपुर फाइनलमा

प्रस, बिरुवागुठी, ६ फागुन/

तेस्रो पर्सागढी गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार भएको अन्तिम सेमिफाइनल खेलमा आयोजक आमोदेवी युवा स्पोर्ट्स क्लब बडनिहारलाई पराजित गर्दै फ्युजन फूटबल क्लब गाईघाट उदयपुर फाइनलमा प्रवेश गरेको छ ।



तस्वीरः प्रतीक

आजको खेलमा ५ मिनेटमैं फ्युजनका शरदकुमार राईले पहिलो गोल गरेका थिए भने सोही क्लबका दीपक मगरले मध्यान्तरपछि दोस्रो गोल गरेका थिए । सेमिफाइनलमा ० का विरुद्ध २ गोलअन्तरले फ्युजन जीतसँगै फाइनलमा प्रवेश पाएको छ ।

शनिवार माघ ८ गते फाइनल खेल हुने आयोजन संस्थाले जनाएको छ ।

यसअघि फाइनलमा प्रवेश गरिसकेको वीरगंज युनाइटेडसँग फ्युजन क्लब उदयपुर उपाधिका लागि भिड्नेछ ।

प्रतियोगितामा प्रथम हुनेलाई १ लाख ५ हजार र दोस्रो हुनेलाई ५५ हजार रुपैयाँ पुरस्कार राशि रहेको आयोजक क्लबका अध्यक्ष शम्भु दास थारूले बताए ।

## तेस्रो मेयरकप फूटबल प्रतियोगिता

### आयोजक निजगढ क्लबलाई पराजित गर्दै सिंगौल सेमिफाइनलमा

प्रस, निजगढ, ६ फागुन/

निजगढको शहीद हीरालाल रङ्गशालामा जारी तेस्रो मेयर कप फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार भएको पहिलो क्वाटरफाइनल खेलमा विजयी बन्दै सिंगौल फूटबल क्लब 'ए' सेमिफाइनलमा प्रवेश गरेको छ। आजको खेलमा निजगढ सिटी क्लबलाई दुईका विरुद्ध तीन गोलअन्तरले पराजित गरी सिंगौल सेमिफाइनलमा प्रवेश गरेको हो ।



तस्वीरः प्रतीक

खेल शुरू भएको पाँचौंऔं मिनेटमा सिंगौलका रोशन थापाले गोल गरेर आफ्नो क्लबलाई अग्रता दिलाएका थिए । निजगढ सिटीका बुद्धिमान भुलोनले मध्यान्तर हुन पाँच मिनेट बाँकी छँदा गोल गरेर खेललाई बराबरीमा ल्याएका थिए। मध्यान्तरअघिको खेलमा दुवै टीम बराबरीमा थिए । मध्यान्तरपछिको ३०औं मिनेटमा सिंगौलका अर्बिन थापाले गोल गरेर आफ्नो टीमलाई एक गोलको अग्रता दिलाए ।

दोस्रो गोल भएको तीन मिनेटमैं सिंगौलका सन्दीप खुलालले आकर्षक हेडमार्फत गोल गर्दै एकका विरुद्ध तीन गोलअन्तरले आफ्नो टीमलाई अग्रता दिलाउन सफल भए। मध्यान्तरपछिको खेल सकिन सात मिनेट बाँकी छँदा निजगढ सिटीले सिंगौलविरुद्ध फ्रिकिक पाएको थियो र त्यसलाई सफलतापूर्वक गोलमा परिणत गऱ्यो । तर त्यसअघि नै दुई गोलअन्तरले पछाडि परेको निजगढ सिटी दुई गोलमैं चित्त बुझाएर पराजयको सामना गर्नुपऱ्यो ।

आजको खेलमा उत्कृष्ट प्रदर्शन गरेका निजगढ सिटीका सिजल तिमिल्सिना म्यान अफ दि म्याच घोषित भए । प्रतियोगिता अन्तर्गत शुक्रवारको दोस्रो क्वाटरफाइनल खेलमा रतनपुर युनाइटेड युथ क्लब र हिमाल युवा क्लब भिड्ने आयोजक निजगढ फूटबल क्लबले जनाएको छ ।

# घरपालुवा कुकुरमा प्राणघातक भाइरस सङ्क्रमण

प्रस, जनकपुरधाम, ६ फागुन/

केही समययता घरपालुवा कुकुरमा प्राणघातक पार्भो भाइरसको सङ्क्रमण देखिएको छ। कुकुरका लागि निकै घातक भाइरसको रूपमा पार्भो भाइरस मानिन्छ। यसबाट कुकुरलाई जोगाउनका लागि नियमितरूपमा खोप लगाउनका लागि पशु चिकित्सकहरूले आग्रह गरेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनुषामा मात्र पार्भो रोगले ग्रसित कुकुर हाल दैनिकरूपमा ३–४ वटा ल्याइने गरेको पशु चिकित्सक डा जिवेन्द्रकुमार झाले जानकारी दिए। यो भाइरस लागेपछि ५० प्रतिशत मृत्युदर हुने भएकाले कुकुर जन्म लिएको ४५ दिनदेखि खोप दिनुपर्ने डा झाले सुझाव दिए। घरपालुवा कुकुर घरधनीले पाल्ने गरेको तर समयमा खोप नलगाएको कारण भाइरसले सङ्क्रमित बनाएपछि उपचारका लागि ल्याउने गरेको उनले सुनाए । समयमा खोप दिए दुई सय रुपैयाँको खर्चले हुनेमा पछि धेरै महँगो पर्ने डा झाले बताए ।

पार्भो भाइरस लागिसकेपछि कुकुरले बान्ता गर्ने, डायरिया हुने, ज्वरो आउने, आन्तरिक रक्तस्राव भई कमजोर भएर समयमा उपचार नगरे मृत्युसमेत हुन सक्छ ।

जनकपुरका सञ्चारकर्मी विकास साहले आफ्नो कुकुरलाई पार्भो भाइरसको सङ्क्रमण भएको र विगत तीन दिनदेखि भेटेरिनरी अस्पतालमा उपचार गराइरहेको जानकारी दिए । भाइरस लागेपछि यसको उपचार नभए पनि लक्षण अनुसारको उपचार गरेर निको बनाउने प्रयास आफूहरूले गर्ने गरेको भेटेरिनरी अस्पताल जनकपुरधामले जनाएको छ ।

खासगरी चीसोको समयमा भाइरसले चाँडो आक्रमण गर्ने भएपनि अहिले यसको सङ्क्रमण निकै फैलिएका कारणले धेरै कुकुरमा समस्या देखिएको छ। तीन महीनामुनिका कुकुरमा पार्भो भाइरसको प्रकोप तथा मृत्युदर बढी मात्रामा हुने गरेको छ ।


वर्डफ्लूलगायतका रोगबाट बच्न तथा बचाउन निम्न अनुसारका जैविक सुरक्षाका उपायहरू अपनाऔं:

- बजारमा बिक्री वितरणको लागि लगिएका पशुपक्षीहरू भरसक हाट वा बजारबाट फिर्ता नल्याऔं, ल्याउनै पर्ने भएमा केही दिनको लागि अन्य पशुपक्षीको सम्पर्कबाट टाढा राखौं ।
- आफूले पालेका पशुपक्षीहरू एक्कासि धेरै सङ्ख्यामा बिरामी परेमा वा मरेमा तुरुन्त नजीकको पशु सेवाको निकायमा जानकारी गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# ठाराबमा प्राज्ञिक गोष्ठी

प्रस, वीरगंज, ६ फागुन/

ठाकुर राम बहुमुखी क्याम्पसको सभाकक्षमा शिशिर नवरात्रको अवसरमा



तस्वीरः प्रतीक

इतिहास शिक्षण विभागद्वारा आयोजित प्राज्ञिक गोष्ठी बिहीवार सम्पन्न भयो ।

'श्रीपञ्चमी पर्वको धार्मिक, सामाजिक तथा सांस्कृतिक पक्षहरू–एक अध्ययन' शीर्षकमा आधारित आलेख तयार पारेका इतिहास विभागका प्रमुख डा वासुदेवलाल दासले प्रस्तुत गर्दै कार्यक्रममा उपस्थित सहभागीहरूलाई धन्यवाद दिएका थिए । त्यस्तै, कार्यक्रममा प्रसारण भएको सुमधुर वसन्त धुन आनन्दपूर्वक सहभागीहरूले श्रवण गरेका थिए ।

कार्यक्रमको अध्यक्षता गरेका क्याम्पसका निमित्त प्रमुख सुरेशप्रसाद कुशवाहाले कार्यक्रमको समापन गर्दै आयोजक विभागको प्रशंसा गर्नुका साथै यस्तो कार्यक्रम आगामी दिनमा पनि हुनुपर्नेमा जोड दिंदै सक्दो सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका थिए ।

कार्यक्रममा आलेखको बारेमा मन्तव्य व्यक्त गर्दै डा विश्वम्भर शर्माले बाल्यकालीन अनुभूति सुनाएका थिए । त्यस्तै, सुधा मिश्रले देवी सरस्वतीको उत्पत्तिको प्रसङ्ग कोट्याउँदै जनचेतनाको लागि यस्तो कार्यक्रम नवपुस्तासमेतको सहभागितामा गर्नुपर्ने कुरामा जोड दिइन् ।

मन्तव्य राख्नेहरूमा डा शिवशङ्कर यादव, विनोद गुप्ता, राजेश मिश्र, शत्रुघ्न यादव, कुमार सचितानन्द सिंह, वीरेन्द्रप्रसाद साह, श्रीनिवासप्रसाद यादव, श्रीमन्नारायण मिश्रले श्रीपञ्चमीको महत्त्वबारे आआफ्नो दृष्टिकोण प्रस्तुत गरेका थिए । कार्यक्रममा ठाकुर राम बहुमुखी क्याम्पसका प्राध्यापक तथा विभिन्न क्षेत्रका स्वतन्त्र लेखकलगायत २४ जनाको सहभागिता थियो ।